# सामाजिक तथ्याङ्क
# (Social Statistics)
# २०७५

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
**केन्द्रीय तथ्याङ्क विभाग**
रामशाहपथ, थापाथली
काठमाडौं, नेपाल

# हाम्रो भनाई

विगतमा केन्द्रीय तथ्याङ्क विभागको नियमित प्रकाशनहरु मध्ये चौमासिक तथ्याङ्क गतिविधिको तेस्रो अंकमा सामाजिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरु प्रकाशन हुँदै आइरहेको कुरा हाम्रा पाठकहरु समक्ष जानकारी गराउँदछौं । सामाजिक तथ्याङ्कको बढ्दो मागलाई दृष्टिगत गरी २०७२ सालदेखि यहाँहरु समक्ष नयाँ स्वरुपको “सामाजिक तथ्याङ्क पुस्तिका” प्रत्येक आर्थिक वर्षको अन्त्यमा यस विभागको लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखाबाट छुट्टै प्रकाशन गर्दै आएको सहर्ष जानकारी गराउन चाहन्छौं ।

यस पुस्तिकामा सामाजिक क्षेत्रका विविध विषयहरु जस्तै जनसंख्या, घरपरिवार तथा सुविधामा पहुँच, शिक्षा, स्वास्थ्य र स्वास्थ्य सेवा, सूचना तथा सञ्चार, मनोरञ्जन, खेलकुद, सवारी साधन, पेट्रोलियम पदार्थ, सवारी दुर्घटना, दैवी प्रकोप, अपराध तथा निजामती कर्मचारी आदि वारेका तथ्याङ्कहरु विभिन्न निकायबाट उपलब्ध भएसम्म प्रादेशिक तहमा संकलन गरी सोको संक्षिप्त विश्लेषण समेत गरेका छौं । प्रकाशन भएका तथ्याङ्कहरु यसका प्रयोगकर्ता तथा पाठकहरुका लागि उपयोगी हुने कुरामा हामीले विश्वास लिएका छौं ।

यस “सामाजिक तथ्याङ्क २०७५” पुस्तिकाको प्रकाशनको लागि तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने सबै संघसंस्था तथा निकायहरुलाई हामी धन्यवाद दिन चाहन्छौं । यस पुस्तिकाको तयारीको लागि मार्गदर्शन प्रदान गरी सहयोग गर्नुहुने यस केन्द्रीय विभागका उपमहानिर्देशक श्री नेविन लाल श्रेष्ठज्यू, तथा पुस्तिकाको तयारीमा संलग्न लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखामा कार्यरत निर्देशकद्धय श्री कृष्ण तुलाधर र सुरेश वस्न्यात, तथ्याङ्क अधिकृतद्धय विश्वनाथ त्रिपाठी र ज्योति के.सी. र तथ्याङ्क सहायक कृष्ण प्रसाद चौलागाईलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा, यस पुस्तिका प्रकाशनको सुधार र परिमार्जनको लागि सदाझैं पाठकहरुबाट रचनात्मक सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।

केन्द्रीय तथ्याङ्क विभाग

थापाथली, काठमाडौं

२०७५ असार ।

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| परिच्छेद १ | जनसंख्या | १ |
| परिच्छेद २ | घरपरिवार तथा सुविधामा पहुँच | ५ |
| परिच्छेद ३ | शिक्षा | ११ |
| परिच्छेद ४ | स्वास्थ्य र स्वास्थ्य सेवा | २३ |
| परिच्छेद ५ | सूचना तथा सञ्चार | ३३ |
| परिच्छेद ६ | मनोरञ्जन | ३७ |
| परिच्छेद ७ | खेलकुद | ३८ |
| परिच्छेद ८ | सवारी साधन | ४० |
| परिच्छेद ९ | पेट्रोलियम पदार्थ | ४३ |
| परिच्छेद १० | सवारी दुर्घटना | ४५ |
| परिच्छेद ११ | दैवी प्रकोप | ४७ |
| परिच्छेद १२ | अपराध | ४९ |
| परिच्छेद १३ | निजामती कर्मचारी | ५० |

# तालिका सूची


| तालिका नं. | | पेज नं. |
|---|---|---|
| १.१ | जनसंख्याको आकार, २०६८ | १ |
| १.२ | उमेर समूह अनुसारको जनसंख्याको प्रतिशत, २०६८ | २ |
| १.३ | जनसंख्याको आधारमा मुख्य दश जात जातिहरुको प्रतिशत, २०६८ | ३ |
| १.४ | अनुपस्थित जनसंख्या, २०६८ | ४ |
| २.१ | घरको स्वामित्व सम्बन्धी विवरण, २०६८ | ५ |
| २.२ | घरको जगको किसिम, २०६८ | ६ |
| २.३ | घरको बाहिरी पर्खालको किसिम, २०६८ | ६ |
| २.४ | घरपरिवारको खानेपानीको मुख्य स्रोत, २०६८ | ७ |
| २.५ | घरपरिवारले खाना पकाउने इन्धन, २०६८ | ८ |
| २.६ | घरपरिवारले प्रयोग गर्ने बिजुली बत्ती, २०६८ | ९ |
| २.७ | घरपरिवारले प्रयोग गर्ने शौचालयको किसिम, २०६८ | ९ |
| २.८ | घरपरिवारमा रहेका सूचना तथा संचारका सुविधा, २०६८ | १० |
| ३.१ | साक्षरता दर, २०६८ | ११ |
| ३.२ | साक्षर जनसंख्या | १२ |
| ३.३ | विद्यालय विवरण, २०७४ | १२ |
| ३.४ | विद्यालय शिक्षा, २०७४ | १३ |
| ३.५ | विद्यालय शिक्षा सम्बन्धी तुलनात्मक विवरण | १४ |
| ३.६ | विद्यालय शिक्षामा छात्रा छात्रको प्रतिशत र जि.पि.आइ, २०७४ | १४ |
| ३.७ | विद्यालय शिक्षामा शिक्षक शिक्षिका जि.पि.आइ, २०७४ | १५ |
| ३.८ | विद्यार्थी शिक्षक अनुपात, २०७४ | १६ |
| ३.९ | कूल तथा खूद भर्ना दर, २०७४ | १७ |
| ३.१० | कूल तथा खुद भर्ना दर सम्बन्धी तुलनात्मक विवरण | १८ |
| ३.११ | कक्षा ११ को परीक्षामा सम्मिलित परीक्षार्थी र उत्तीर्ण परीक्षार्थी संख्या, २०७३ | १८ |
| ३.१२ | कक्षा १२ को परीक्षामा सम्मिलित परीक्षार्थी र उत्तीर्ण परीक्षार्थी संख्या, २०७३ | १९ |
| ३.१३ | संकाय अनुसार विभिन्न विश्वविद्यालयहरुको विद्यार्थी विवरण, २०७४ | २१ |
| ४.१ | अपाङ्गता भएको जनसंख्या, २०६८ | २३ |
| ४.२ | बाल मृत्यु दर (प्रति हजारमा) र पोषण (प्रतिशतमा), २०१४ | २४ |
| ४.३ | स्वास्थ्य संस्था, २०७३/७४ | २५ |
| ४.४ | स्वास्थ्य संस्थाहरुको तुलनात्मक विवरण | २६ |
| ४.५ | खोप, २०७३/७४ | २७ |
| ४.६ | वी.सी.जी., डी.पी.टी., पोलियो र दादुराको खोप सम्वन्धी तुलनात्मक विवरण | २८ |
| ४.७ | टी.डी. खोप, २०७३/७४ | २८ |
| ४.८ | टी.डी. खोप सम्बन्धी तुलनात्मक विवरण | २९ |

| | | |
|---|---|---|
| ४.९ | परिवार नियोजनका स्थायी र अस्थायी साधनको प्रयोग, २०७३/७४ | ३० |
| ४.१० | परिवार नियोजनका स्थायी र अस्थायी साधनको प्रयोगकर्ताको तुलनात्मक विवरण | ३१ |
| ४.११ | रक्त संचार सेवाबाट रगत संकलन र वितरण | ३२ |
| ५.१ | मुख्य सेवा प्रदायक कम्पनीहरुबाट प्रदान गरिएको दूर सञ्चार सेवा | ३३ |
| ५.२ | दर्ता भएका पत्रपत्रिकाहरुको स्थिति, २०७३/७४ | ३४ |
| ५.३ | दर्ता भएका पत्रपत्रिका सम्बन्धी तुलनात्मक विवरण | ३५ |
| ५.४ | हुलाक कार्यालय, धनादेश सेवा तथा वचत वैंकहरुको स्थिति, २०७३/७४ | ३५ |
| ५.५ | हुलाक सेवा सम्बन्धी तुलनात्मक विवरण | ३६ |
| ६.१ | चलचित्र हल सम्बन्धी तुलनात्मक विवरण | ३७ |
| ७.१ | खेलकुद, २०७३/७४ | ३८ |
| ७.२ | खेलकुद सम्बन्धी तुलनात्मक विवरण | ३९ |
| ८.१ | दर्ता भएका सवारी साधन, २०७४/७५ | ४१ |
| ८.२ | दर्ता भएका सवारी साधनको तुलनात्मक विवरण | ४२ |
| ९.१ | पेट्रोलियम पदार्थको बिक्री वितरण, २०७३/७४ (परिमाण कि.लि. मा) | ४३ |
| ९.२ | पेट्रोलियम पदार्थको विक्री वितरण सम्बन्धी तुलनात्मक विवरण | ४४ |
| १०.१ | सवारी दुर्घटना सम्बन्धी तुलनात्मक विवरण | ४५ |
| १०.२ | सवारी साधन चोरी | ४६ |
| ११.१ | बाढी पहिरो र डुवानबाट भएको क्षति | ४७ |
| ११.२ | आगलागीबाट भएको क्षतिको तुलनात्मक विवरण | ४८ |
| १२.१ | अपराध शिर्षक अनुसारको विवरण | ४९ |
| १३.१ | निजामती कर्मचारीको तह अनुसार कार्यरत महिला तथा पुरुषको संख्या, २०७४/७५ | ५० |
| १३.२ | निजामती कर्मचारीको सेवा अनुसार कार्यरत कर्मचारी संख्या, २०७४/७५ | ५१ |

## परिच्छेद १

## जनसंख्या

### जनसंख्याको आकार

कुनै पनि देशको निर्धारित भौगोलिक सीमानाभित्र निश्चित समयमा बसोबास गर्ने व्यक्तिहरुको संख्यालाई जनसंख्या भनिन्छ । जनसंख्याको आकार, बनावट र वितरणमा जन्म, मृत्यु र बसाईसराईले असर परिरहेको हुन्छ । २०६८ को राष्ट्रिय जनगणनामा अक्सर (६ महिना वा सो भन्दा धेरै) बसोबासको सिद्धान्त अवलम्वन गरिएको थियो । राष्ट्रिय जनगणना २०६८ नेपालको एघारौं र एक शताब्दीको जनगणना हो । भौगोलिक रुपमा जनसंख्याको असमान वितरण नेपालको जनसंख्याको मुख्य विशेषता मध्ये एक हो । जनसंख्याको व्यवस्थापन चुनौतीपूर्ण रहँदै आएको छ । जनसंख्या व्यवस्थापन सम्बन्धमा राष्ट्रिय जनसंख्या नीति २०७१ तर्जुमा भई कार्यान्वयनमा रहेको छ भने जनसंख्या व्यवस्थामनका कार्यक्रमहरु सञ्चालनमा आएका छन् । तालिका १.१ मा जनसंख्याको आकार सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

तालिका १.१: जनसंख्याको आकार, २०६८

| क्षेत्र | जम्मा | महिला (%) | पुरुष (%) | औसत घरपरिवार आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| नेपाल | २,६४,९४,५०४ | ५१.५ | ४८.५ | ४.९ | ९४.२ |
| प्रदेश नं. १ | ४५,३४,९४३ | ५२.२ | ४७.८ | ४.६ | ९१.५ |
| प्रदेश नं. २ | ५४,०४,१४५ | ४९.७ | ५०.३ | ५.८ | १०१.२ |
| प्रदेश नं. ३ | ५५,२९,४५२ | ५०.३ | ४९.७ | ४.४ | ९८.८ |
| प्रदेश नं. ४ | २४,०३,७५७ | ५४.६ | ४५.४ | ४.२ | ८३.१ |
| प्रदेश नं. ५ | ४४,९९,२७२ | ५२.४ | ४७.६ | ५.१ | ९०.७ |
| प्रदेश नं. ६ | १५,७०,४१८ | ५१.१ | ४८.९ | ५.३ | ९५.७ |
| प्रदेश नं. ७ | २५,५२,५१७ | ५२.३ | ४७.७ | ५.४ | ९१.३ |

स्रोत: राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कूल जनसंख्या २,६४,९४,५०४ रहेको छ, जसमध्ये महिला ५१.५ प्रतिशत र पुरुष ४८.५ प्रतिशत रहेको देखिन्छ । प्रदेशगत विवरण हेर्दा प्रदेश नं. २ मा बाहेक अरु प्रदेशमा पुरुषको भन्दा महिलाको प्रतिशत बढी रहेको देखिन्छ । सबैभन्दा बढी महिलाको प्रतिशत प्रदेश नं. ४ मा ५४.६ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ मा ४९.७ प्रतिशत रहेको देखिन्छ । २०६८ को औसत घरपरिवार आकार ४.९ रहेको छ । प्रदेशिक विवरण हेर्दा सबैभन्दा बढी प्रदेश नं. २ मा ५.८ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ४ मा ४.२ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी लैङ्गिक अनुपात (१०० महिलामा पुरुषको संख्या) ९४.२ रहेको छ । लैङ्गिक अनुपात सबैभन्दा बढी प्रदेश नं. २ मा १०१.२ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ४ मा ८३.१ प्रतिशत रहेको देखिन्छ ।

## उमेर समूह अनुसारको जनसंख्या

जनसंख्यालाई मुख्य गरी दुई भागमा विभाजन गर्ने गरिन्छ- आश्रित र सक्रिय । ० देखि १४ वर्षसम्मको जनसंख्या र ६० वर्ष देखि माथिको जनसंख्यालाई आश्रित जनसंख्या र १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्यामा सक्रिय/वयस्क जनसंख्या समूहको रुपमा लिने गरिन्छ । सक्रिय/वयस्कको प्रतिशत उच्च रही जनसांख्यिक लाभ प्राप्त भएको छ । तालिका १.२ मा उमेर समूह अनुसारको जनसंख्या प्रस्तुत गरिएको छ ।

तालिका १.२: उमेर समूह अनुसारको जनसंख्याको प्रतिशत, २०६८

| क्षेत्र | ० देखि १४ | | | १५ देखि ५९ | | | ६० देखि माथि | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| नेपाल | ३४.९ | ३३.२ | ३६.७ | ५७.० | ५८.८ | ५५.० | ८.१ | ८.० | ८.३ |
| प्रदेश नं. १ | ३२.९ | ३१.० | ३४.९ | ५८.५ | ६०.७ | ५६.० | ८.७ | ८.३ | ९.१ |
| प्रदेश नं. २ | ३८.६ | ३७.९ | ३९.२ | ५३.९ | ५४.८ | ५३.० | ७.५ | ७.२ | ७.८ |
| प्रदेश नं. ३ | २८.९ | २७.९ | २९.९ | ६२.९ | ६३.६ | ६२.१ | ८.२ | ८.५ | ८.० |
| प्रदेश नं. ४ | ३२.५ | २९.२ | ३६.४ | ५६.९ | ६०.६ | ५२.४ | १०.६ | १०.२ | ११.२ |
| प्रदेश नं. ५ | ३६.३ | ३३.९ | ३८.९ | ५५.८ | ५८.६ | ५२.७ | ७.९ | ७.५ | ८.४ |
| प्रदेश नं. ६ | ४१.६ | ४०.४ | ४२.९ | ५२.२ | ५३.५ | ५०.९ | ६.१ | ६.१ | ६.२ |
| प्रदेश नं. ७ | ३९.५ | ३७.१ | ४२.२ | ५२.९ | ५५.० | ५०.६ | ७.६ | ७.८ | ७.२ |

स्रोत: राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग ।

राष्ट्रिय जनगणना २०६८ अनुसार १५ देखि ५९ उमेर समूहको जनसंख्या कुल जनसंख्याको ५७.० प्रतिशत रहेको देखिन्छ भने ० देखि १४ उमेर समूहको ३४.९ तथा ६० उमेर र सो भन्दा माथिको उमेर समूह ८.१ प्रतिशत रहेको देखिन्छ । प्रदेशिक अनुसारको तथ्यांक हेर्दा १५ देखि ५९ उमेर समूहको जनसंख्या प्रदेशिक कुल जनसंख्याको सबैभन्दा बढी प्रतिशत प्रदेश नं. ३ मा ६२.९ प्रतिशत, र क्रमशः प्रदेश नं. १ मा ५८.५ प्रतिशत, प्रदेश नं. ४ मा ५६.९ प्रतिशत, प्रदेश नं. ५ मा ५५.८ प्रतिशत, प्रदेश नं. २ मा ५३.९ प्रतिशत, प्रदेश नं. ७ मा ५२.९ प्रतिशत, र प्रदेश नं. ६ मा ५२.२ प्रतिशत रहेको देखिन्छ । उक्त उमेर समूहको विवरण हेर्दा महिलाको बढी देखिन्छ ।

## जात/जाति अनुसारको जनसंख्या

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार कुल १२५ वटा जातजातिहरु रहेका छन् । नेपालमा जनसंख्याको आधारमा मुख्य दश जातिहरुमा- क्षेत्री, ब्राहमण (पहाड), मगर, थारु, तामाङ् , नेवार, मुसलमान, कामी, यादव र राई रहेको देखिन्छ । नेपालको संविधानले आर्थिक, सामाजिक दृष्टिले पछाडि परेका जातजातिलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता गराउने हकको व्यवस्थालाई मैलिक हकमा राखेको छ । ती दश जातिहरुको प्रदेश अनुसारको प्रतिशत विवरण तालिका १.३ मा प्रस्तुत गरिएको छ ।

तालिका १.३: जनसंख्याको आधारमा मुख्य दश जात जातिहरुको प्रतिशत, २०६८

| जात जाति | नेपाल | प्रदेश नं. १ | प्रदेश नं. २ | प्रदेश नं. ३ | प्रदेश नं. ४ | प्रदेश नं. ५ | प्रदेश नं. ६ | प्रदेश नं. ७ |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्री | १६.६ | १४.८ | २.० | १७.३ | १३.४ | १३.८ | ४१.९ | ४१.५ |
| ब्राहमण (पहाड) | १२.२ | १२.१ | २.४ | १८.३ | २१.५ | १२.५ | ८.४ | १३.० |
| मगर | ७.१ | ४.२ | १.२ | ४.९ | १८.९ | १५.१ | १०.९ | २.२ |
| थारु | ६.६ | ४.१ | ५.३ | १.७ | १.७ | १५.२ | ०.५ | १७.२ |
| तामाङ | ५.८ | ४.७ | २.२ | २०.४ | २.१ | ०.२ | ०.९ | ०.४ |
| नेवार | ५.० | ३.७ | ०.७ | १६.९ | ४.३ | १.४ | ०.३ | ०.३ |
| मुसलमान | ४.४ | ३.६ | ११.६ | ०.७ | ०.७ | ६.९ | ०.२ | ०.२ |
| कामी | ४.८ | ३.३ | ०.६ | २.५ | ८.७ | ६.० | १५.८ | ८.३ |
| यादव | ४.० | १.३ | १४.८ | ०.२ | ०.० | ४.० | ०.० | ०.० |
| राई | २.३ | ११.३ | ०.२ | १.५ | ०.३ | ०.१ | ०.० | ०.० |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग ।

नेपालको कुल जनसंख्याको १६.६ प्रतिशत क्षेत्री र क्रमशः ब्राहमण (पहाडी) १२.२ प्रतिशत, मगर ७.१ प्रतिशत, थारु ६.६ प्रतिशत, तामाङ्ग ५.८ प्रतिशत, नेवार ५.० प्रतिशत, कामी ४.८ प्रतिशत, मुसलमान ४.४ प्रतिशत, यादव ४.० प्रतिशत र राई २.३ प्रतिशत रहेको छ । जातजातिहरुको दुई अंकको प्रादेशिक विवरण हेर्दा प्रदेश नं. १ मा सबैभन्दा बढी प्रतिशत क्षेत्रीको १४.८ प्रतिशत र त्यसपछि ब्राहमण (पहाड) १२.१ प्रतिशत र राई ११.३ प्रतिशत रहेको देखिन्छ । प्रदेश नं. २ मा सबैभन्दा बढी यादव १४.८ प्रतिशत र त्यसपछि मुसलमान ११.६ प्रतिशत रहेको देखिन्छ । प्रदेश नं. ३ मा सबैभन्दा बढी तामाङ २०.४ प्रतिशत, ब्राहमण (पहाड) १८.३ प्रतिशत, क्षेत्री १७.३ प्रतिशत र नेवार १६.९ प्रतिशत रहेको देखिन्छ । प्रदेश नं. ४ मा ब्राहमण (पहाड) २१.५ प्रतिशत, त्यसपछि मगर १८.९ प्रतिशत, क्षेत्री १३.४ प्रतिशत र गुरुङ्ग ११.४ प्रतिशत रहेको देखिन्छ । प्रदेश नं. ५ मा सबैभन्दा बढी प्रतिशत थारुको १५.२ प्रतिशत रहेको छ र मगर १५.१ प्रतिशत, क्षेत्री १३.८ प्रतिशत र ब्राहमण (पहाड) १२.५ प्रतिशत रहेको देखिन्छ । प्रदेश नं. ६ मा क्षेत्री ४१.९ प्रतिशत, कामी १५.८ प्रतिशत, मगर १०.९ प्रतिशत र ठकुरी १०.३ प्रतिशत रहेको देखिन्छ । प्रदेश नं. ७ मा क्षेत्रीको ४१.५ प्रतिशत रहेको छ भने त्यसपछि थारुको १७.२ प्रतिशत र ब्राहमण (पहाड) को १३.० प्रतिशत रहेको देखिन्छ ।

### अनुपस्थित जनसंख्या

तालिका १.४ मा अनुपस्थित जनसंख्या सम्बन्धी विवरण प्रस्तुत गरिएको छ।

तालिका १.४: अनुपस्थित जनसंख्या, २०६८

| क्षेत्र | जम्मा | पुरुष (%) | महिला (%) |
|---|---|---|---|
| नेपाल | १९,२१,४९४ | ८७.६ | १२.४ |
| प्रदेश नं. १ | ३,५७,६४७ | ८८.८ | ११.२ |
| प्रदेश नं. २ | २,२४,४७९ | ९७.२ | २.८ |
| प्रदेश नं. ३ | ३,१२,२०० | ७९.५ | २०.५ |
| प्रदेश नं. ४ | ३,२२,७६२ | ८९.६ | १०.४ |
| प्रदेश नं. ५ | ४,१०,७५१ | ८९.४ | १०.६ |
| प्रदेश नं. ६ | ६७,५८२ | ८६.९ | १३.१ |
| प्रदेश नं. ७ | २,२६,०७३ | ८१.७ | १८.२ |

स्रोत: राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग।

नेपालमा कुल १९,२१,४९४ जनसंख्या २०६८ सालको राष्ट्रिय जनगणना अनुसार अनुपस्थित रहेको देखिन्छ जसमा पुरुषको ८७.६ प्रतिशत र महिलाको १२.४ प्रतिशत रहेको छ। प्रदेशिक तहमा पुरुष र महिलाको अनुपस्थित जनसंख्या हेर्दा पुरुषको अनुपस्थित प्रतिशत सबैभन्दा बढी प्रदेश नं. २ मा ९७.२ प्रतिशत रहेको छ जसमा महिलको अनुपस्थित प्रतिशत २.८ रहेको छ। त्यस्तै सबैभन्दा कम प्रतिशत प्रदेश नं. ३ मा ७९.५ प्रतिशत रहेको छ। उक्त प्रदेशमा महिलाको अनुपस्थित प्रतिशत २०.५ रहेको छ।

# परिच्छेद २

# घरपरिवार तथा सुविधामा पहुँच

## घरपरिवारले बसोबास गर्दै आएको घरको स्वामित्व

घरपरिवारले बसोबास गर्ने घरको स्वामित्वलाई एकातिर जीवनस्तरको मापकको रुपमा हेर्ने सकिन्छ भने अर्कोतिर बसाइसराईको दृष्टिकोणबाट पनि हेर्ने सकिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार घरको स्वामित्वलाई चार भागमा विभाजन गरिएको थियो - निजी, भाडा, संस्थागत र अन्य जस सम्बन्धी विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

तालिका २.१: घरको स्वामित्व सम्बन्धी विवरण, २०६८

| क्षेत्र | जम्मा | निजी (%) | भाडा (%) | संस्थागत (%) | अन्य (%) |
|---|---|---|---|---|---|
| नेपाल | ५४,२७,३०२ | ८५.३ | १२.८ | ०.६ | १.३ |
| प्रदेश नं. १ | ९,९१,७५० | ८७.३ | ९.७ | ०.९ | २.१ |
| प्रदेश नं. २ | ९,३२,०८७ | ९६.२ | २.८ | ०.४ | ०.७ |
| प्रदेश नं. ३ | १२,६९,१४४ | ६७.८ | २९.८ | ०.९ | १.५ |
| प्रदेश नं. ४ | ५,७७,६८२ | ८१.७ | १५.८ | ०.७ | १.७ |
| प्रदेश नं. ५ | ८,८४,७५७ | ९०.७ | ८.० | ०.५ | ०.८ |
| प्रदेश नं. ६ | २,९८,१७४ | ९४.४ | ४.६ | ०.३ | ०.७ |
| प्रदेश नं. ७ | ४,६९,७०३ | ९४.७ | ३.९ | ०.४ | १.० |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग ।

घरपरिवारले बसोबास गर्दै आएको घरको स्वामित्वमा सबैभन्दा बढी निजी स्वामित्व रहेको देखिन्छ । नेपालमा २०६८ को तथ्यांक हेर्दा निजी स्वामित्वको ८५.३ प्रतिशत रहेको छ भने भाडामा १२.८ प्रतिशत र संस्थागत ०.६ प्रतिशत रहेको देखिन्छ । निजी स्वामित्व सबैभन्दा बढी प्रदेश नं. २ मा ९६.२ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ३ मा ६७.८ प्रतिशत रहेको देखिन्छ । त्यस्तै गरी भाडामा सबैभन्दा बढी प्रदेश नं. ३ मा २९.८ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ मा २.८ प्रतिशत रहेको छ ।

## घरको जगको किसिम

घरको जगको किसिम सुरक्षा र आर्थिक अवस्थाको दृष्टिकोणबाट हेर्न सकिन्छ । राष्ट्रिय जनगणना २०६८ मा जगको किसिमलाई - माटोले जडान ईटा/ढुङ्गा, सिमेन्टले जडान ईटा/ढुङ्गा, आर.सि.सि. पिलर, काठको पिलर र अन्य गरी विवरण संकलन गरिएको थियो । सुरक्षा र आर्थिक दृष्टिकोण दुवैबाट हेर्दा आर.सि.सि. पिलरलाई राम्रो मानिन्छ । तालिका २.२ मा घरको जगको किसिमको विवरण प्रस्तुत गरिएको छ ।

तालिका २.२: घरको जगको किसिम (प्रतिशतमा), २०६८

| क्षेत्र | माटोले जडान ईटा वा ढुङ्गा | सिमेन्टले जडान ईटा वा ढुङ्गा | आर.सि.सि पिलर | काठको पिलर | अन्य | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|
| नेपाल | ४४.२ | १७.६ | ९.९ | २४.९ | २.३ | १.१ |
| प्रदेश नं. १ | ३४.२ | १३.९ | ९.१ | ३५.४ | ६.७ | ०.६ |
| प्रदेश नं. २ | ७.३ | २३.० | ४.२ | ६२.१ | २.० | १.५ |
| प्रदेश नं. ३ | ४६.३ | २२.९ | २१.२ | ७.७ | ०.३ | १.६ |
| प्रदेश नं. ४ | ६७.० | १५.२ | १२.० | ५.० | ०.२ | ०.६ |
| प्रदेश नं. ५ | ५४.६ | १७.६ | ७.० | १६.० | ३.९ | ०.८ |
| प्रदेश नं. ६ | ८९.० | २.४ | १.३ | ६.३ | ०.१ | ०.८ |
| प्रदेश नं. ७ | ५६.८ | १२.५ | १.२ | २८.४ | ०.३ | ०.८ |

स्रोत: राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग ।

राष्ट्रिय जनगणना २०६८ अनुसार आर.सि.सि पिलर भएका घरहरु नेपालमा ९.९ प्रतिशत रहेको छ भने प्रादेशिक विवरण अनुसार सबैभन्दा बढी प्रदेश नं. ३ मा २१.२ प्रतिशत र क्रमशः प्रदेश नं. ४ मा १२.० प्रतिशत, प्रदेश नं. १ मा ९.१ प्रतिशत, प्रदेश नं. ५ मा ७.० प्रतिशत, प्रदेश नं. २ मा ४.२ प्रतिशत, प्रदेश नं. ६ मा १.३ प्रतिशत र प्रदेश नं. ७ मा १.२ प्रतिशत रहेको छ ।

### घरको बाहिरी पर्खाल

घरको जगको किसिम जस्तै घरको बाहिरी पर्खाल पनि सुरक्षा र आर्थिक अवस्थाको दृष्टिकोणबाट हेर्न सकिन्छ । राष्ट्रिय जनगणना २०६८ मा घरको बाहिरी पर्खालको किसिमलाई - माटोले जडान ईटा/ढुङ्गा, सिमेन्टले जडान ईटा/ढुङ्गा, काठ वा काष्ठफलक, बाँस, कच्चा ईट्टा, र अन्य गरी विवरण संकलन गरिएको थियो । सुरक्षा र आर्थिक दृष्टिकोण दुवैबाट हेर्दा सिमेन्टले जडान ईटा/ढुङ्गालाई राम्रो मानिन्छ । तालिका २.३ मा घरको बाहिरी पर्खालको किसिमको विवरण प्रस्तुत गरिएको छ ।

तालिका २.३: घरको बाहिरी पर्खालको किसिम (प्रतिशतमा), २०६८

| क्षेत्र | माटोले जडान ईट्टा/ढुङ्गा | सिमेन्टले जडान ईट्टा/ढुङ्गा | काठ वा काष्ठ फलक | बाँस | कच्चा इट्टा | अन्य | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|
| नेपाल | ४१.४ | २८.७ | ५.३ | २०.२ | १.१ | २.१ | १.१ |
| प्रदेश नं. १ | ३२.१ | २१.५ | ७.६ | ३७ | ०.२ | १ | ०.७ |
| प्रदेश नं. २ | ५.६ | २५.८ | ४.४ | ६१.३ | ०.३ | ०.९ | १.७ |
| प्रदेश नं. ३ | ४३.८ | ४७.२ | ३.४ | २.५ | ०.६ | ०.८ | १.७ |
| प्रदेश नं. ४ | ६४.१ | ३०.२ | २ | १.९ | ०.३ | ०.९ | ०.६ |
| प्रदेश नं. ५ | ४९.२ | २७ | ३ | ७.९ | ५ | ७ | ०.९ |
| प्रदेश नं. ६ | ८६.६ | ५.९ | ५.४ | ०.७ | ०.३ | ०.२ | ०.९ |
| प्रदेश नं. ७ | ५४.१ | १६.१ | १५.७ | ९.४ | ०.४ | ३.५ | ०.९ |

स्रोत: राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्यांक विभाग ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल घरको २८.७ प्रतिशत घरको बाहिरी पर्खाल सिमेन्टले जडान ईट्टा/ढुङ्गाबाट बनेको छ भने प्रादेशिक विवरण अनुसार प्रदेश नं. ३ मा सबैभन्दा बढी ४७.२ प्रतिशत, त्यसपछि क्रमशः प्रदेश नं. ४ मा ३०.२ प्रतिशत, प्रदेश नं. ५ मा २७.० प्रतिशत, प्रदेश नं. २ मा २५.८ प्रतिशत, प्रदेश नं. १ मा २१.५ प्रतिशत, प्रदेश नं. ७ मा १६.१ प्रतिशत र प्रदेश नं. ६ मा ५.९ प्रतिशत रहेको देखिन्छ।

### घरपरिवारको खानेपानीको मुख्य स्रोत

नेपालमा खानेपानीका लागि विभिन्न स्रोतहरु उपयोग गरिन्छ। राष्ट्रिय जनगणना २०६८ मा पानीका मुख्य स्रोतहरु भनी धारा/पाइप, टियूबव्येल/हाते पम्प, ढाँकिएको ईनार/कुवा, नढाँकिएको ईनार/कुवा, Spout, नदी र अन्य गरी विगिकरण गरी विवरण लिएको थियो। खानेपानीको स्रोतलाई स्वास्थ्य र सुविधाको दृष्टिकोणबाट हेर्न सकिन्छ। खोनपानीको पहुँचलाई नेपालको संविधानमा मैलिक हकको रुपमा व्याख्या गरिएको छ भने सबै जनसंख्यालाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउने सरकारको हालको योजनाको लक्ष्य रहेको छ। तर अझै पनि माग अनुरुपको आपूर्ति हुन नसक्नु यस क्षेत्रको प्रमुख चुनौती रहेको छ। घरपरिवारले प्रयोग गर्ने खानेपानीको विस्तृत विवरण तालिका २.४ मा प्रस्तुत गरिएको छ।

तालिका २.४: घरपरिवारको खानेपानीको मुख्य स्रोत (प्रतिशतमा), २०६८

| क्षेत्र | धारा/ पाइप | टियूबव्येल/ हाते पम्प | ढाँकिएको ईनार/कुवा | नढाँकिएको ईनार/कुवा | Spout | नदी | अन्य | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ४७.८ | ३५.० | २.४ | ४.७ | ५.७ | १.१ | २.४ | ०.६ |
| प्रदेश नं. १ | ४४.० | ४४.१ | १.० | ४.७ | ४.४ | ०.८ | ०.८ | ०.४ |
| प्रदेश नं. २ | १०.५ | ८१.८ | ०.५ | ४.० | ०.४ | ०.३ | १.४ | १.१ |
| प्रदेश नं. ३ | ६७.२ | ८.८ | ५.३ | ४.६ | ५.५ | ०.७ | ७.३ | ०.६ |
| प्रदेश नं. ४ | ८०.० | २.३ | ३.० | ५.० | ८.१ | ०.७ | ०.५ | ०.४ |
| प्रदेश नं. ५ | ४१.९ | ४४.३ | २.४ | ५.२ | ३.२ | १.३ | १.१ | ०.५ |
| प्रदेश नं. ६ | ६१.४ | ०.५ | १.८ | ७.२ | २४.१ | ४.० | ०.५ | ०.६ |
| प्रदेश नं. ७ | ४०.३ | ३९.८ | १.६ | ३.४ | १०.२ | २.८ | १.२ | ०.६ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग।

२०६८ को तथ्यांक अनुसार नेपालको कुल ४७.८ प्रतिशत घरपरिवारको खानेपानीको मुख्य स्रोत धारा/पाइप रहेको छ। प्रदेश नं. ४ मा ८० प्रतिशत घरपरिवारले धारा/पाइपलाई खानेपानीको मुख्य स्रोतको रुपमा प्रयोग गरेको पाइयो भने क्रमशः प्रदेश नं. ३ मा ६७.२ प्रतिशत, प्रदेश नं. ६ मा ६१.४ प्रतिशत, प्रदेश नं. १ मा ४४ प्रतिशत, प्रदेश नं. ५ मा ४१.९ प्रतिशत, प्रदेश नं. ७ मा ४०.३ प्रतिशत, र प्रदेश नं. २ मा १०.५ प्रतिशत घरपरिवारले धारा/पाइपबाट खानेपानी प्राप्त गर्ने गरेको देखियो।

## घरपरिवारले खाना पकाउने इन्धन

खाना पकाउन प्रयोग गरिने इन्धन स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित रहेको हुन्छ । विशेष गरी काठ⁄दाउरा आदि को प्रयोगबाट निस्किने धुवाको कारणले स्वास्थ्यमा प्रत्यक्ष असर पुगेको हुन्छ । राष्ट्रिय जनगणना २०६८ मा घरपरिवारले खाना पकाउनको लागि अक्सर प्रयोग गर्ने इन्धनको बारेमा प्रश्न सोधिएको थियो । तालिका २.५ मा सो सम्बन्धी विस्तृत विवरण उल्लेख गरिएको छ ।

तालिका २.५: घरपरिवारले खाना पकाउने इन्धन (प्रतिशतमा), २०६८

| क्षेत्र | काठ वा दाउरा | मट्टितेल | एल.पि.जि. | गुइठा | बायोग्याँस | बिजुली | अन्य | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ६४.० | १.० | २१.० | १०.४ | २.४ | ०.१ | ०.४ | ०.७ |
| प्रदेश नं. १ | ६७.० | ०.९ | १५.९ | ११.८ | ३.१ | ०.२ | ०.६ | ०.४ |
| प्रदेश नं. २ | ५२.१ | १.३ | ५.८ | ३७.९ | ०.८ | ०.० | १.० | १.२ |
| प्रदेश नं. ३ | ४६.१ | १.८ | ४८.९ | ०.१ | २.० | ०.१ | ०.३ | ०.७ |
| प्रदेश नं. ४ | ६८.५ | ०.६ | २५.६ | ०.२ | ४.५ | ०.१ | ०.१ | ०.४ |
| प्रदेश नं. ५ | ७१.१ | ०.७ | १४.५ | १०.० | २.९ | ०.० | ०.२ | ०.५ |
| प्रदेश नं. ६ | ९४.५ | ०.२ | ३.९ | ०.४ | ०.३ | ०.१ | ०.१ | ०.६ |
| प्रदेश नं. ७ | ९१.१ | ०.५ | ४.१ | ०.२ | ३.३ | ०.० | ०.२ | ०.६ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग ।

नेपालमा खाना पकाउनको लागि काठ वा दाउराको प्रयोग गर्ने घरपरिवार ६४.० प्रतिशत रहेको छ । प्रदेशगत विवरण हेर्दा प्रदेश नं. ६ मा ९४.५ प्रतिशत घरपरिवारले खाना पकाउनको लागि काठ वा दाउराको प्रयोग गरेको देखिन्छ भने सो को प्रतिशत क्रमशः प्रदेश नं. ७ मा ९१.१ प्रतिशत, प्रदेश नं. ५ मा ७१.१ प्रतिशत, प्रदेश नं. ४ मा ६८.५ प्रतिशत, प्रदेश नं. १ मा ६७.० प्रतिशत, प्रदेश नं. २ मा ५२.१ प्रतिशत, र प्रदेश नं. ३ मा ४६.१ प्रतिशत रहेको देखिन्छ ।

## घरपरिवारले प्रयोग गर्ने बिजुली बत्ती

राष्ट्रिय जनगणना २०६८ मा घरपरिवारले प्रयोग गर्ने बिजुली बत्ती सम्बन्धी विवरण संकलन गरिएको थियो जुन तालिका २.६ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६: घरपरिवारले प्रयोग गर्ने बिजुली बत्ती (प्रतिशतमा), २०६८

| क्षेत्र | बिजुली | मट्टितेल | बायोग्याँस | सोलार | अन्य | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|
| नेपाल | ६७.३ | १८.३ | ०.३ | ७.४ | ६.१ | ०.६ |
| प्रदेश नं. १ | ६५.८ | २१.७ | ०.४ | ८.७ | २.९ | ०.४ |
| प्रदेश नं. २ | ५९.७ | ३७.४ | ०.२ | १.३ | ०.२ | १.२ |
| प्रदेश नं. ३ | ८५.७ | ७.५ | ०.३ | ४.२ | १.७ | ०.७ |
| प्रदेश नं. ४ | ८२.५ | ९.९ | ०.२ | ५.० | १.९ | ०.४ |
| प्रदेश नं. ५ | ६६.० | २०.६ | ०.२ | ६.६ | ६.१ | ०.५ |
| प्रदेश नं. ६ | २१.७ | ५.६ | ०.१ | ३३.४ | ३८.६ | ०.६ |
| प्रदेश नं. ७ | ४८.१ | १६.४ | ०.४ | १३.७ | २०.७ | ०.६ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग।

नेपालको कुल घरपरिवारको ६७.३ प्रतिशतको बिजुलीबत्तीको मुख्य स्रोत बिजुली रहेको छ। घरपरिवारले प्रयोग गर्ने बिजुलीबत्तीको स्रोतमा बिजुलीको खपत सबैभन्दा बढी प्रदेश नं. ३ मा ८५.७ प्रतिशत घरपरिवारले, प्रदेश नं. ४ को ८२.५ प्रतिशत घरपरिवारले, प्रदेश नं. ५ को ६६.० प्रतिशत घरपरिवारले, प्रदेश नं. १ को ६५.८ प्रतिशत घरपरिवारले, प्रदेश नं. २ को ५९.७ प्रतिशत घरपरिवारले, प्रदेश नं. ७ को ४८.१ प्रतिशत घरपरिवारले, र प्रदेश नं. ६ को २१.७ प्रतिशत घरपरिवारले प्रयोग गरेको देखिन्छ। त्यस्तै मट्टितेल, बायोग्याँस, सोलर र अन्यको बिजुलीबत्तीको रुपमा खपत गर्ने घरपरिवारको प्रतिशत माथि उल्लेखित टेवलमा प्रस्तूत गरिएको छ।

## घरपरिवारले प्रयोग गर्ने शौचालय

शौचालय जीवनमा दैनिक प्रयोगमा आउने सुविधा मध्ये एक हो। यसलाई सरसफाइ तथा स्वास्थ्यको दृष्टिले हेर्ने सकिन्छ। तालिका २.७ मा घरपरिवारले प्रयोग गर्ने शौचालय सम्बन्धी २०६८ सालको प्रादेशिक विवरण प्रस्तुत गरिएको छ।

तलिका २.७: घरपरिवारले प्रयोग गर्ने शौचालयको किसिम, २०६८

| क्षेत्र | जम्मा | शौचालय (प्रतिशत) | | | |
|---|---|---|---|---|---|
| | | नभएको | फ्लस | साधारण | उल्लेख नभएको |
| नेपाल | ५४,२३,२९७ | ३८.२ | ४१.७ | १९.५ | ०.६ |
| प्रदेश नं. १ | ९,९१,७५० | ३०.३ | ३४.२ | ३५.१ | ०.४ |
| प्रदेश नं. २ | ९,३२,०८७ | ७२.७ | १६.२ | ९.९ | १.२ |
| प्रदेश नं. ३ | १२,६९,१४४ | १७.२ | ६७.० | १५.१ | ०.७ |
| प्रदेश नं. ४ | ५,७७,६८२ | १४.५ | ६४.० | २१.१ | ०.४ |
| प्रदेश नं. ५ | ८,८४,७५७ | ४५.० | ३६.६ | १७.९ | ०.५ |
| प्रदेश नं. ६ | २,९८,१७४ | ४८.२ | २८.० | २३.१ | ०.६ |
| प्रदेश नं. ७ | ४,६९,७०३ | ५२.७ | ३१.० | १५.७ | ०.६ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग।

वि.सं. २०६८ सम्मको तथ्यांक हेर्दा ३८.२ प्रतिशत घरपरिवारसँग शौचालयको सुविधा नभएको देखिन्छ। शौचालय नभएको सबैभन्दा बढी हिस्सा (प्रतिशतमा) प्रदेश नं. २ मा ७२.७ प्रतिशत र क्रमशः प्रदेश नं. ७ मा ५२.७ प्रतिशत, प्रदेश नं. ६ मा ४८.२ प्रतिशत, प्रदेश नं. ५ मा ४५.० प्रतिशत, प्रदेश नं. १ मा ३०.३ प्रतिशत, प्रदेश नं. ३ मा १७.२ प्रतिशत, प्रदेश नं. ४ मा १४.५ प्रतिशत रहेको देखिन्छ।

**घरपरिवारमा रहेका सूचना तथा सञ्चारका सुविधाहरु**

२१ औं शताब्दी सूचना तथा सञ्चारको युग हो। सूचना तथा सञ्चारको मध्यमबाट मानिसहरुले देश विदेशमा भइरहेका सूचना तथा खबरहरुको जानकारी हुने मात्र नभई राज्यबाट दिइने सेवा सुविधाहरुको पनि जानकारी पाउन सकिन्छ। सूचना तथा सञ्चारलाई सशक्तिकरणको एउटा मध्यमको रुपमा पनि लिन सकिन्छ। तालिका २.८ मा घरपरिवारमा रहेका केही सूचना तथा सञ्चारका सुविधाहरु सम्बन्धी विवरण प्रस्तुत गरिएको छ।

तलिका २.८: घरपरिवारमा रहेका सूचना तथा सञ्चारका सुविधा (प्रतिशतमा), २०६८

| क्षेत्र | रेडियो | टेलिभिजन | इन्टरनेट | टेलिफोन | मोवाइलफोन |
|---|---|---|---|---|---|
| नेपाल | ५०.८ | ३६.४ | ३.३ | ७.४ | ६४.६ |
| प्रदेश नं. १ | ५१.२ | ३८.९ | १.६ | ६.३ | ६५.३ |
| प्रदेश नं. २ | ३६.६ | ३३.० | ०.५ | २.५ | ५५.५ |
| प्रदेश नं. ३ | ५८.६ | ५४.० | १०.० | १६.७ | ७६.१ |
| प्रदेश नं. ४ | ६०.० | ३६.२ | ३.० | ६.५ | ७५.० |
| प्रदेश नं. ५ | ४९.२ | ३०.४ | १.३ | ४.४ | ६५.८ |
| प्रदेश नं. ६ | ५२.० | ८.५ | ०.४ | २.२ | ४२.८ |
| प्रदेश नं. ७ | ४८.३ | २०.१ | ०.७ | ४.० | ४९.३ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग।

राष्ट्रिय जनगणना २०६८ अनुसार कुल घरपरिवारको ५०.८ प्रतिशत घरपरिवारसँग रेडियो सुविधा भएको देखिन्छ। त्यस्तै टेलिभिजन हुने घरपरिवार ३६.४ प्रतिशत रहेको छ भने इन्टरनेट ३.३ प्रतिशत, टेलिफोन ७.४ प्रतिशत र मोवाइलफोन हुने घरपरिवार ६४.६ प्रतिशत रहेको छ। प्रादेशिक विवरण हेर्दा रेडियो सुविधा हुने घरपरिवारको सबैभन्दा बढी प्रतिशत प्रदेश नं. ४ मा कुल घरपरिवारको ६० प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ मा ३६.६ प्रतिशत रहेको देखिन्छ। त्यस्तै टेलिभिजन सबैभन्दा बढी प्रदेश नं. ३ मा कुल घरपरिवारको ५४.० प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ६ मा ८.५ प्रतिशत रहेको देखिन्छ। इन्टरनेट सुविधा सबैभन्दा बढी प्रदेश नं. ३ मा १०.३ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ६ मा ०.४ प्रतिशत रहेको देखिन्छ। टेलिफोन सबैभन्दा बढी प्रदेश नं. ३ मा १६.७ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ६ मा २.२ प्रतिशत रहेको देखिन्छ। त्यस्तै मोवाइलफोन सबैभन्दा बढी प्रदेश नं. ३ मा ७६.१ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ६ मा ४२.८ प्रतिशत रहेको देखिन्छ।

# परिच्छेद ३

# शिक्षा

## साक्षरता स्थिति

शिक्षा आधारभूत आवश्यकता मध्येको एक हो । शिक्षाले स्वास्थ्य र सशक्तिकरणमा प्रत्यक्ष असर पारेको हुन्छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरिनुका साथै अवसरको सिर्जना गर्नुलाई राज्यको दायित्वमा राखेको छ । महिलाको शैक्षिक स्तरमा उल्लेखनीय रुपमा वृद्धि भएतापनि महिलाको साक्षरता पुरुषको तुलनामा अझै कम रहेको छ । तालिका ३.१ र ३.२ मा साक्षरता सम्बन्धी विस्तृत विवरण प्रस्तुत गरिएको छ।

तालिका ३.१: साक्षरता दर, २०६८

| क्षेत्र | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| नेपाल | ६५.९ | ५७.४ | ७५.१ |
| प्रदेश नं. १ | ७१.२ | ६३.९ | ७९.३ |
| प्रदेश नं. २ | ४९.५ | ३८.९ | ६०.१ |
| प्रदेश नं. ३ | ७४.९ | ६७.० | ८२.८ |
| प्रदेश नं. ४ | ७४.८ | ६७.७ | ८३.५ |
| प्रदेश नं. ५ | ६६.४ | ५८.३ | ७५.५ |
| प्रदेश नं. ६ | ६२.८ | ५३.२ | ७२.९ |
| प्रदेश नं. ७ | ६३.५ | ५१.९ | ७६.४ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको साक्षरता दर (५ वर्ष वा सोभन्दा माथिको) ६५.९ प्रतिशत रहेको छ । महिलाको साक्षरता दर पुरुषको तुलनामा निकै कम रहेको छ । प्रादेशिक विवरण अनुसारको ५ वर्ष वा सोभन्दा माथिको साक्षरता दर हेर्ने हो भने सबैभन्दा बढी साक्षरता दर प्रदेश नं. ३ मा ७४.९ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम प्रदेश नं. २ मा ४९.५ प्रतिशत रहेको देखिन्छ । महिलाको साक्षरता दर सबैभन्दा बढी प्रदेश नं. ४ मा ६७.७ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ मा ३८.९ प्रतिशत रहेको देखिन्छ । त्यस्तै गरी पुरुषको साक्षरता दर सबैभन्दा बढी प्रदेश नं. ४ मा ८३.५ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ मा ६०.१ प्रतिशत रहेको देखिन्छ ।

तालिका ३.२: साक्षर जनसंख्या

| सन् | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १९५२/५४ | ०.७ | ९.५ | ५.३ |
| १९६१ | १.८ | १६.३ | ८.९ |
| १९७१ | ३.९ | २३.६ | १४.० |
| १९८१ | १२.० | ३४.० | २३.० |
| १९९१ | २५.० | ५४.५ | ३९.० |
| २००१ | ४२.८ | ६५.५ | ५४.१ |
| २०११ | ५७.४ | ७५.२ | ६५.९ |

स्रोत: राष्ट्रिय जनगणना , केन्द्रीय तथ्यांक विभाग

**विद्यालय र विद्यालय शिक्षा**

नेपालमा विद्यालय शिक्षालाई पूर्व प्राथमिक (कक्षा १ भन्दा तलको शिक्षा), प्राथमिक (१ देखि ५ कक्षा), निम्न माध्यमिक (६ देखि ८ कक्षा), माध्यमिक (९ र १० कक्षा) र उच्च माध्यमिक (११ र १२ कक्षा) गरी पाँच तहमा विभाजन गरी औपचारिक शिक्षा प्रदान गर्दै आएकोमा हाल आएर नेपाल सरकारले कक्षा १ देखि ८ सम्मलाई आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा गरी दुई तहमा विभाजन गरेको छ । विद्यालय सम्बन्धी विवरण तालिका ३.३ मा प्रस्तुत गरिएको छ भने विद्यालय शिक्षा सम्बन्धी विवरण तालिका ३.४, ३.५ र ३.६ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.३: विद्यालय विवरण, २०७४

| क्षेत्र | जम्मा | पूर्व प्राथमिक | प्राथमिक | निम्न प्राथमिक | माध्यमिक | उच्च माध्यमिक |
|---|---|---|---|---|---|---|
| नेपाल | १,००,३६३ | ३६,५६८ | ३५,२११ | १५,६३२ | ९,१७१ | ३,७८१ |
| प्रदेश नं. १ | १८,८२७ | ६,९८३ | ६,६७३ | २,८९७ | १,५९८ | ६७६ |
| प्रदेश नं. २ | ११,२२३ | ४,९४६ | ३,८१९ | १,३४८ | ७०९ | ४०१ |
| प्रदेश नं. ३ | २१,६४० | ६,९४८ | ७,२४० | ३,८८४ | २,५९० | ९७८ |
| प्रदेश नं. ४ | १२,६७९ | ४,१७९ | ४,५४४ | २,०५४ | १,३४१ | ५६१ |
| प्रदेश नं. ५ | १६,६३३ | ६,४६४ | ५,७२८ | २,४७६ | १,४३३ | ५३२ |
| प्रदेश नं. ६ | ७,८५८ | २,७११ | ३,१६१ | १,१८२ | ५७४ | २३० |
| प्रदेश नं. ७ | ११,५०३ | ४,३३७ | ४,०४६ | १,७९१ | ९२६ | ४०३ |

स्रोत : Flash I report 2074 (2017/18) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

नेपालमा शैक्षिक वर्ष २०७४ मा कुल १,००,३६३ विद्यालय रहेको देखिन्छ । प्रादेशिक विवरण हेर्दा कुल विद्यालयको सबैभन्दा बढी प्रतिशत प्रदेश नं. ३ मा २१.६ प्रतिशत र क्रमशः प्रदेश नं. १ मा १८.८ प्रतिशत, प्रदेश नं. ५ मा १६.६ प्रतिशत, प्रदेश नं. ४ मा १२.६ प्रतिशत, प्रदेश नं. ७ मा ११.५ प्रतिशत, प्रदेश नं. २ मा ११.२ प्रतिशत र प्रदेश नं. ६ मा ७.८ प्रतिशत रहेको देखिन्छ ।

तालिका ३.४: विद्यालय शिक्षा, २०७४

| शिक्षा किसिम | | नेपाल | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| पूर्व प्राथमिक | छात्रा | ४,५१,७८० | ७५,०४४ | ५७,४२४ | ९७,८२७ | ४६,४६९ | ९९,५५२ | २५,९४४ | ४९,५२० |
| | छात्र | ५,०५,३०७ | ७९,९९६ | ६४,६४० | १११,६९५ | ५२,९४४ | ११४,०५९ | २७,०५८ | ५४,९१५ |
| | जम्मा | ९,५७,०८७ | १५५,०४० | १२२,०६४ | २०९,५२२ | ९९,४१३ | २१३,६११ | ५३,००२ | १०४,४३५ |
| प्राथमिक | छात्रा | २०,०९,३१४ | २९७,७८८ | ४११,१५० | ३५७,८३३ | १६८,२९४ | ३६५,७५३ | १७१,३५४ | २३७,१४२ |
| | छात्र | १९,६०,७०२ | २९१,२७२ | ३८९,९८९ | ३५४,६२२ | १६२,७५७ | ३६३,८०७ | १६७,३७४ | २३०,८८१ |
| | जम्मा | ३९,७०,०१६ | ५८९,०६० | ८०१,१३९ | ७१२,४५५ | ३३१,०५१ | ७२९,५६० | ३३८,७२८ | ४६८,०२३ |
| निम्न प्राथमिक | छात्रा | ९,४३,४१० | १५७,२३९ | १३१,४३२ | १९८,५४३ | ९८,७१४ | १६७,८८८ | ७८,२४५ | १११,३४९ |
| | छात्र | ९,२३,३०६ | १५४,२३१ | १२५,१८९ | १९७,२८१ | ९७,४०८ | १६५,९४३ | ७५,७१७ | १०७,५३७ |
| | जम्मा | १८,६६,७१६ | ३११,४७० | २५६,६२१ | ३९५,८२४ | १९६,१२२ | ३३३,८३१ | १५३,९६२ | २१८,८८६ |
| माध्यमिक | छात्रा | ५,०१,३८८ | ८६,२५६ | ६१,१९२ | १११,९३९ | ५७,४३५ | ८४,४६९ | ३७,९८८ | ६२,१०९ |
| | छात्र | ४,६९,३३२ | ७७,९५९ | ६०,८३७ | १०६,९७६ | ५४,०५८ | ७९,३०१ | ३४,०५३ | ५६,१४८ |
| | जम्मा | ९,७०,७२० | १६४,२१५ | १२२,०२९ | २१८,९१५ | १११,४९३ | १६३,७७० | ७२,०४१ | ११८,२५७ |
| उच्च माध्यमिक | छात्रा | ३,१५,०१२ | ६४,२१५ | ३९,५१८ | ६०,०३९ | ४१,१७७ | ५०,३८५ | १५,४९७ | ४४,१८१ |
| | छात्र | २,६९,०६० | ४६,०४३ | ३६,३२८ | ५१,३६६ | ३५,२३४ | ४५,५१४ | १५,५७५ | ३९,००० |
| | जम्मा | ५,८४,०७२ | ११०,२५८ | ७५,८४६ | १११,४०५ | ७६,४११ | ९५,८९९ | ३१,०७२ | ८३,१८१ |

स्रोत : Flash I report 2074 (2017/18) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

तालिका ३.५: विद्यालय शिक्षा सम्बन्धी तुलनात्मक विवरण

| शैक्षिक बर्ष | विद्यालय | विद्यार्थी | | | शिक्षक | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | शिक्षक | शिक्षिका | जम्मा |
| २०५७ | २५,६८९ | २९,४२,१९० | २१,३८,८५२ | ५०,८१,०४२ | – | – | १,४३,२६३ |
| २०५८ | २६,०३६ | २९,५४,८०० | २२,५६,६७८ | ५२,११,४७८ | – | – | १,४२,७५२ |
| २०५९ | २५,१९४ | ३१,४६,३२८ | २४,७४,०९९ | ५६,२०,४२७ | – | – | १,५४,९२० |
| २०६० | २६,७९६ | ३२,०७,७९८ | २५,८६,५१३ | ५७,९४,३११ | – | – | १,६१,०८६ |
| २०६१ | २६,२७७ | ३५,६०,४९३ | ३०,१३,९८८ | ६५,७४,४८१ | १,११,१६५ | ३६,५१२ | १,४७,६७७ |
| २०६२ | ३०,६९६ | ३९,२९,४८६ | ३४,५७,७४१ | ७३,८७,२२७ | ७४,६७३ | १९,७७२ | ९४,४४५ |
| २०६३ | २८,१३१ | ३५,८२,४३२ | ३२,७२,७८८ | ६८,५५,२१९ | ९८,०५९ | ४३,५४६ | १,४१,६०५ |
| २०६४ | २९,४४८ | ३८,२९,४०६ | ३५,२७,१११ | ७३,५६,५१७ | १,१६,३६२ | ४९,०६१ | १,६५,४२३ |
| २०६५ | ३१,१५६ | ४०,२१,३६३ | ३८,२४,४३७ | ७८,४५,८०० | १,३८,७०८ | ६८,८५९ | २,०७,५६७ |
| २०६६ | ३२,१३० | ४१,७१,७१९ | ४०,७०,९९२ | ८२,४२,७११ | १,४७,६१२ | ७५,२९२ | २,२२,९०४ |
| २०६७ | ३३,१६० | ४२,५५,३९६ | ४२,२६,९४० | ८४,८२,३३६ | १,५८,६६३ | ८८,४२० | २,४७,०८३ |
| २०६८ | ३४,३६१ | ३८,१७,२१० | ३८,३४,७८५ | ८५,००,५६४ | १,६५,३४७ | ९२,८९० | २,५८,२३७ |
| २०६९ | ३४,७८२ | ४१,४९,५७६ | ४१,८१,४०७ | ८३,३०,९८३ | १,७१,५६७ | ९४,४०४ | २,६५,९७१ |
| २०७० | ३५,२२३ | ४०,६२,९६७ | ४१,११,२०० | ८१,७४,१६७ | १,७६,३२७ | ७०,२०६ | २,४६,५३३ |
| २०७१ | ३४,८०६ | ४०,७९,८३९ | ४०,०५,७५३ | ८०,८५,५९२ | १,००,६२६ | ४६,६८० | १,४७,३०६ |
| २०७२ | ७०,८२८ | ४२,०७,५९० | ४२,८७,२४० | ८४,९४,८३० | २,०२,०३६ | १,४७,८२४ | ३,४९,८६० |

स्रोत : Flash I report , शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

तालिका ३.६: विद्यालय शिक्षामा छात्रा छात्रको प्रतिशत र जि.पि.आइ, २०७४

| शिक्षा किसिम | | नेपाल | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| पूर्व प्राथमिक | छात्रा | ४७.२ | ४८.४ | ४७.० | ४६.७ | ४६.७ | ४६.६ | ४८.९ | ४७.४ |
| | छात्र | ५२.८ | ५१.६ | ५३.० | ५३.३ | ५३.३ | ५३.४ | ५१.१ | ५२.६ |
| | जि.पि.आइ. | ०.८९ | ०.९४ | ०.८९ | ०.८८ | ०.८८ | ०.८७ | ०.९६ | ०.९० |
| प्राथमिक | छात्रा | ५०.६ | ५०.६ | ५१.३ | ५०.२ | ५०.८ | ५०.१ | ५०.६ | ५०.७ |
| | छात्र | ४९.४ | ४९.४ | ४८.७ | ४९.८ | ४९.२ | ४९.९ | ४९.४ | ४९.३ |
| | जि.पि.आइ. | १.०२ | १.०२ | १.०५ | १.०१ | १.०३ | १.०१ | १.०२ | १.०३ |
| निम्न प्राथमिक | छात्रा | ५०.५ | ५०.५ | ५१.२ | ५०.२ | ५०.३ | ५०.३ | ५०.८ | ५०.९ |
| | छात्र | ४९.५ | ४९.५ | ४८.८ | ४९.८ | ४९.७ | ४९.७ | ४९.२ | ४९.१ |
| | जि.पि.आइ. | १.०२ | १.०२ | १.०५ | १.०१ | १.०१ | १.०१ | १.०३ | १.०४ |
| माध्यमिक | छात्रा | ५१.७ | ५२.५ | ५०.१ | ५१.१ | ५१.५ | ५१.६ | ५२.७ | ५२.५ |
| | छात्र | ४८.३ | ४७.५ | ४९.९ | ४८.९ | ४८.५ | ४८.४ | ४७.३ | ४७.५ |
| | जि.पि.आइ. | १.०७ | १.११ | १.०१ | १.०५ | १.०६ | १.०७ | १.१२ | १.११ |
| उच्च माध्यमिक | छात्रा | ५३.९ | ५८.२ | ५२.१ | ५३.९ | ५३.९ | ५२.५ | ४९.९ | ५३.१ |
| | छात्र | ४६.१ | ४१.८ | ४७.९ | ४६.१ | ४६.१ | ४७.५ | ५०.१ | ४६.९ |
| | जि.पि.आइ. | १.१७ | १.३९ | १.०९ | १.१७ | १.१७ | १.११ | ०.९९ | १.१३ |

स्रोत : Flash I report 2074 (2017/18) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

नेपालमा शैक्षिक वर्ष २०७४ मा पूर्व प्राथमिक तह ४७.२ प्रतिशत छात्रा रहेको देखिन्छ भने प्राथमिक तहमा ५०.६ प्रतिशत, निम्न प्राथमिकमा ५०.५ प्रतिशत, माध्यमिक तहमा ५१.७ प्रतिशत र उच्च माध्यमिक तहमा ५३.९ प्रतिशत छात्रा रहेको देखिन्छ । Gender Parity Index ले कुल विद्यार्थीमा छात्राछात्रको अवस्था अर्थात् १०० जना छात्रमा कति छात्रा रहेका छन् भन्ने बारेमा जानकारी दिन्छ । जि.पि.आइ. १ भन्दा बढी भएमा छात्राको संख्या बढी र १ भन्दा कम भएमा छात्रको संख्या बढी भएको जनाउँछ । नेपाल तथा सबै प्रदेशहरुमा पूर्व प्राथमिक तहमा जि.पि.आइ. १ भन्दा कम रहेको देखिन्छ अर्थात् छात्राको संख्या कम देखिन्छ । प्राथमिक, निम्न प्राथमिक, माध्यमिकमा जि.पि.आइ. १ भन्दा बढी रहेको देखिन्छ अर्थात् छात्र भन्दा छात्राको संख्या बढी रहेको देखिन्छ । उच्च माध्यमिक तहको तथ्यांक हेर्दा प्रदेश नं. ६ मा छात्र बढी र अरु प्रदेशमा छात्रा बढी रहेको देखिन्छ ।

### विद्यालय शिक्षामा शिक्षक शिक्षिका अनुपात

विद्यालय शिक्षामा शिक्षक शिक्षिकाको अनुपात महिलाहरु बढी तल्लो तहमा र पुरुषहरु बढी माथिल्लो तहमा अध्ययापन गराउने गरेको तथ्यांकले समेत पुष्टी गर्दछ । विद्यालय शिक्षामा शिक्षक शिक्षिकाको जि.पि.आइ तालिका ३.७ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.७: विद्यालय शिक्षामा शिक्षक शिक्षिका जि.पि.आइ, २०७४

| क्षेत्र | प्राथमिक | निम्न प्राथमिक | माध्यमिक | उच्च माध्यमिक |
|---|---|---|---|---|
| नेपाल | ०.८० | ०.४४ | ०.२४ | ०.२२ |
| प्रदेश नं. १ | ०.७१ | ०.३६ | ०.१९ | ०.१५ |
| प्रदेश नं. २ | ०.४४ | ०.२२ | ०.०९ | ०.०९ |
| प्रदेश नं. ३ | १.१८ | ०.७४ | ०.३८ | ०.३७ |
| प्रदेश नं. ४ | ०.९७ | ०.५५ | ०.२३ | ०.२५ |
| प्रदेश नं. ५ | ०.८३ | ०.४१ | ०.१८ | ०.२१ |
| प्रदेश नं. ६ | ०.५४ | ०.३१ | ०.१८ | ०.१२ |
| प्रदेश नं. ७ | ०.५१ | ०.२२ | ०.१६ | ०.१५ |

स्रोत : Flash I report 2074 (2017/18) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

नेपालमा शिक्षक शिक्षिकाको जि.पि.आइ हेर्दा प्राथमिक तहदेखि क्रमशः माथि अंक घट्दो आकारमा रहेको देखिन्छ । प्राथमिक तहमा जि.पि.आइ ०.८० रहेकोमा क्रमशः निम्न प्राथमिकमा ०.४४ प्रतिशत, माध्यमिक तहमा ०.२४ प्रतिशत र उच्च माध्यमिक तहमा ०.२२ प्रतिशत रहेको देखिन्छ । प्राथमिक तहमा जि.पि.आइ. प्रदेश नं. ३ मा सबैभन्दा बढी १.१८ रहेको देखिन्छ भने प्रदेश नं. २ मा सबैभन्दा कम ०.४४ रहेको देखिन्छ । निम्न प्राथमिक तहमा प्रदेश नं. ३ मा ०.७४ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ र प्रदेश नं. ७ मा ०.२२ प्रतिशत रहेको देखिन्छ । माध्यमिक तहमा सबैभन्दा बढी जि.पि.आइ प्रदेश नं. ३ मा ०.३८ र सबैभन्दा कम प्रदेश नं. २ मा ०.०९ रहेको

देखिन्छ । त्यस्तै उच्च माध्यमिक तहमा शिक्षक शिक्षकाको जि.पि.आइ. सबैभन्दा बढी प्रदेश नं. ३ मै ०.३७ र सबैभन्दा कम प्रदेश नं. २ मा ०.०९ प्रतिशत रहेको देखिन्छ ।

### विद्यार्थी शिक्षक अनुपात

विद्यार्थी शिक्षक अनुपातलाई शिक्षाको गुणस्तरको मापनमा पनि हेर्न सकिन्छ । यसबाट अध्ययन तथा सिकाइमा प्रत्यक्ष असर पर्दछ । विद्यार्थी शिक्षक अनुपात सम्बन्धी विवरण तालिका ३.८ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.८: विद्यार्थी शिक्षक अनुपात, २०७४

| क्षेत्र | प्राथमिक | निम्न प्राथमिक | माध्यमिक | उच्च माध्यमिक |
|---|---|---|---|---|
| नेपाल | १८ | २९ | २५ | ३९ |
| प्रदेश नं. १ | ४८ | ५४ | ४० | ४२ |
| प्रदेश नं. २ | १४ | २६ | १६ | २२ |
| प्रदेश नं. ३ | १२ | २५ | १८ | १९ |
| प्रदेश नं. ४ | १८ | ३७ | २३ | २६ |
| प्रदेश नं. ५ | २९ | ३७ | ३४ | २३ |
| प्रदेश नं. ६ | २५ | ३४ | ३२ | ३१ |
| प्रदेश नं. ७ | २० | ३२ | २३ | २७ |

स्रोत : Flash I report 2074 (2017/18) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

नेपालमा प्राथमिक तहमा एक शिक्षक/शिक्षका बराबर १८ जना विद्यार्थी रहेको देखिन्छ भने सो को अनुपात तहको वृद्धिसँग बढेको देखिन्छ । निम्न प्राथमिक तहमा एक शिक्षक/शिक्षका बराबर २९ जना विद्यार्थी, माध्यमिक तहमा २५ जना विद्यार्थी र उच्च माध्यमिक तहमा ३९ जना विद्यार्थी रहेको देखिन्छ । प्रदेशगत विवरण हेर्ने हो भने प्राथमिक तहमा सबैभन्दा बढी विद्यार्थी शिक्षक अनुपात प्रदेश नं. १ मा ४८ र सबैभन्दा कम प्रदेश नं. ३ मा १२ रहेको देखिन्छ । निम्न प्राथमिक तहमा सबैभन्दा बढी विद्यार्थी शिक्षक अनुपात प्रदेश नं. १ मै ५४ र सबैभन्दा कम प्रदेश नं. ३ मै २५ रहेको देखिन्छ । माध्यमिक तहमा सबैभन्दा बढी विद्यार्थी शिक्षक अनुपात प्रदेश नं. १ मै ४० र सबैभन्दा कम प्रदेश नं. २ मा १६ रहेको देखिन्छ । उच्च माध्यमिक तहमा सबैभन्दा बढी विद्यार्थी शिक्षक अनुपात प्रदेश नं. १ मै ४२ र सबैभन्दा कम प्रदेश नं. ३ मै १९ रहेको देखिन्छ ।

### कूल भर्ना दर र खूद भर्ना दर

कुनै पनि तहको कूल भर्ना दर भन्नाले उक्त तहमा अध्ययनरत जुन सुकै उमेर समूहको विधार्थी भर्ना संख्यालाई जनाउँछ । तर खूद भर्ना दरमा उमेर समूहको पनि हेक्का राखिन्छ । त्यसैले कूल भर्ना दर १०० भन्दा पनि बढी हुन

सक्दछ। शैक्षिक सत्र २०७४ मा माध्यामिक शिक्षामा विद्यार्थीहरुको कूल भर्ना दर तथा खूद भर्ना दर तालिका ३.९ र ३.१० मा प्रस्तुत गरिएका छ।

तालिका ३.९: कूल तथा खूद भर्ना दर, २०७४

| विवरण | क्षेत्र | तह | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक | | | निम्नमाध्यमिक | | | माध्यमिक | | | उच्च माध्यमिक | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कूल भर्ना दर | नेपाल | १३६.० | १२८.६ | १३२.३ | १०८.९ | १०७.२ | १०८.० | ७८.५ | ८२.२ | ८०.३ | ४१.४ | ४०.४ | ४०.९ |
| | प्रदेश नं.१ | १३५.७ | १२८.२ | १३१.९ | ११७.२ | ११५.५ | ११६.४ | ८२.१ | ८०.६ | ८१.४ | ३९.३ | ३५.४ | ३७.३ |
| | प्रदेश नं.२ | १३६.८ | ११८.७ | १२७.७ | ८०.८ | ८१.० | ८०.९ | ५६.३ | ६६.१ | ६१.२ | २१.५ | २०.० | २०.८ |
| | प्रदेश नं.३ | १३५.३ | १३५.० | १३५.२ | ११६.० | ११४.४ | ११५.२ | ८५.२ | ८६.८ | ८६.० | ५१.७ | ५२.५ | ५२.१ |
| | प्रदेश नं.४ | १३३.६ | १३०.६ | १३२.१ | ११६.३ | ११६.९ | ११६.६ | ८७.४ | ९२.३ | ८९.८ | ५९.२ | ५६.० | ५७.६ |
| | प्रदेश नं.५ | १३५.७ | १३०.९ | १३३.३ | १०३.८ | १०५.१ | १०४.४ | ७२.६ | ७६.८ | ७४.७ | ३५.१ | ३५.२ | ३५.१ |
| | प्रदेश नं.६ | १४०.५ | १२८.३ | १३४.४ | १०९.७ | १०६.२ | १०७.९ | ७९.० | ८४.६ | ८१.८ | ३८.२ | ३५.९ | ३७.० |
| | प्रदेश नं.७ | १३३.० | १२४.२ | १२८.६ | १०७.७ | १०२.९ | १०५.३ | ७८.३ | ८६.८ | ८२.५ | ४०.३ | ४६.० | ४३.१ |
| खूद भर्ना दर | नेपाल | ९७.१ | ९७.४ | ९७.२ | ८६.३ | ८८.६ | ८७.४ | ६५.१ | ६६.७ | ६५.९ | २२.४ | २१.६ | २२.० |
| | प्रदेश नं.१ | ९७.२ | ९७.५ | ९७.३ | ९२.० | ९१.९ | ९२.० | ६९.८ | ७०.४ | ७०.१ | २३.२ | २०.५ | २१.९ |
| | प्रदेश नं.२ | ९५.४ | ९५.९ | ९५.७ | ५८.५ | ६७.० | ६२.८ | ५२.४ | ६०.२ | ५६.३ | २०.१ | १८.९ | १९.५ |
| | प्रदेश नं.३ | ९७.० | ९७.३ | ९७.१ | ९२.३ | ९२.६ | ९२.५ | ७२.३ | ७१.३ | ७१.८ | २६.४ | २३.० | २४.७ |
| | प्रदेश नं.४ | ९६.५ | ९६.९ | ९६.७ | ९२.२ | ९३.६ | ९२.९ | ६७.४ | ६९.५ | ६८.४ | २१.३ | २०.५ | २०.९ |
| | प्रदेश नं.५ | ९७.७ | ९७.७ | ९७.७ | ८३.० | ८६.३ | ८४.७ | ६१.७ | ६१.५ | ६१.६ | १९.४ | १९.३ | १९.४ |
| | प्रदेश नं.६ | ९७.७ | ९८.१ | ९७.९ | ८६.८ | ९०.३ | ८८.५ | ६१.२ | ६२.८ | ६२.० | २०.५ | २३.६ | २२.१ |
| | प्रदेश नं.७ | ९७.५ | ९७.८ | ९७.७ | ९१.० | ९२.७ | ९१.८ | ६४.५ | ६७.० | ६५.८ | २२.३ | २५.० | २३.७ |

स्रोत : Flash I report 2074 (2017/18) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर।

नेपालमा शैक्षिक वर्ष २०७४ को कूल भर्ना दर प्राथमिक तहमा १३२.३, निम्नमाध्यमिक तहमा १०८.०, माध्यमिक तहमा ८०.३ र उच्च माध्यमिक तहमा ४०.९ रहेको देखिन्छ। कूल भर्ना दर प्रदेशिक तहमा हेर्दा सबैभन्दा कम प्रदेश नं. २ मा रहेको देखिन्छ। प्राथमिक तहमा बाहेक अरु तहमा कूल भर्ना सबैभन्दा बढी प्रदेश नं. ४ मा रहेको देखिन्छ भने प्राथमिक तहमा प्रदेश नं. ३ मा रहेको देखिन्छ। प्राथमिक तहमा सबैभन्दा बढी कूल भर्ना दर प्रदेश नं. ३ मा १३५.२ र सबैभन्दा कम प्रदेश नं. २ मा १२७.७ रहेको देखिन्छ। निम्नप्राथमिक तहमा सबैभन्दा बढी कूल भर्ना दर प्रदेश नं. ४ मा ११६.६ र सबैभन्दा कम प्रदेश नं. २ मा ८०.९ रहेको देखिन्छ। मध्यमिक तहमा सबैभन्दा बढी कूल भर्ना दर प्रदेश नं. ४ मा ८९.८ र सबैभन्दा कम प्रदेश नं. २ मा ६१.२ रहेको देखिन्छ। उच्चमाध्यमिक तहमा सबैभन्दा बढी कूल भर्ना दर प्रदेश नं. ४ मा ५७.६ र सबैभन्दा कम प्रदेश नं. २ मा २०.८ रहेको देखिन्छ।

नेपालमा शैक्षिक वर्ष २०७४ को खूद भर्ना दर प्राथमिक तहमा ९७.२, निम्नमाध्यमिक तहमा ८७.४, माध्यमिक तहमा ६५.९ र उच्च मध्यमिक तहमा २२.० रहेको देखिन्छ। खूद भर्ना दर प्रदेशिक तहमा हेर्दा उच्चमध्यमिक तह बाहेक सबै तहमा सबैभन्दा कम प्रदेश नं. २ मा रहेको देखिन्छ। प्राथमिक तहमा ९५.७, निम्न प्राथमिक तहमा ६२.८, मध्यमिक तहमा ५६.३ रहेको देखिन्छ। उच्च माध्यमिक तहमा खूद भर्ना दर सबैभन्दा कम प्रदेश नं. ५ मा १९.४

रहेको देखिन्छ । मध्यमिक र उच्च मध्यमिक तहमा खूद भर्ना सबैभन्दा बढी प्रदेश नं. ३ मा ७१.८ र २४.७ रहेको देखिन्छ भने प्राथमिक तहमा प्रदेश नं. ६ मा ९७.९ र निम्न माध्यमिक तहमा प्रदेश नं. ४ मा ९२.९ रहेको देखिन्छ ।

तालिका ३.१०: कूल तथा खुद भर्ना दर सम्बन्धी तुलनात्मक विवरण

| विवरण | तह | २०७१ | | | २०७२ | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कुल भर्ना दर | प्राथमिक | १४०.३ | १२८.९ | १३४.४ | १४०.८ | १३०.२ | १३५.४ |
| | निम्नमाध्यमिक | ९२.० | ८७.४ | ८९.७ | ९७.४ | ९३.४ | ९५.४ |
| | माध्यमिक | ७०.१ | ७०.२ | ७०.१ | ७४.७ | ७५.५ | ७५.१ |
| खुद भर्ना दर | प्राथमिक | ९५.७ | ९६.६ | ९६.२ | ९६.३ | ९६.९ | ९६.६ |
| | निम्नमाध्यमिक | ७५.५ | ७३.८ | ७४.६ | ७८.९ | ७६.५ | ७७.७ |
| | माध्यमिक | ५५.९ | ५६.३ | ५६.१ | ५७.३ | ५८.६ | ५७.९ |

स्रोत : Flash I report 2072 (2015/16) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

## कक्षा ११ र कक्षा १२ परीक्षाको विवरण

उच्च माध्यमिक शिक्षा अर्न्तगत कक्षा ११ र कक्षा १२ मा परीक्षामा सम्मिलित नियमित विद्यार्थी र उत्तीण परीक्षार्थी संख्या तालिका ३.११ र ३.१२ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.११: कक्षा ११ को परीक्षामा सम्मिलित परीक्षार्थी र उत्तीर्ण परीक्षार्थी संख्या, २०७३

| क्षेत्र | कक्षा ११ | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्मिलित परीक्षार्थी संख्या | | | उत्तीर्ण परीक्षार्थी संख्या | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| नेपाल | १,२८,०२३ | १,३८,०७१ | २,६६,०९४ | ६४,४६७ | ७३,१२७ | १,३७,५९४ |
| प्रदेश नं. १ | २१,७५९ | २१,०३७ | ४२,७९६ | ९,१२५ | ९,८१७ | १८,९४२ |
| प्रदेश नं. २ | ११,०९८ | १२,८६० | २३,९५८ | ५,७२२ | ७,२२९ | १२,९५१ |
| प्रदेश नं. ३ | ४३,१४० | ४९,३३२ | ९२,४७२ | २६,५३९ | ३१,१५० | ५७,६८९ |
| प्रदेश नं. ४ | १५,९५१ | १५,२३६ | ३१,१८७ | ७,८१७ | ७,३८० | १५,१९७ |
| प्रदेश नं. ५ | १७,६३३ | १८,९६१ | ३६,५९४ | ८,२०५ | ९,२५५ | १७,४६० |
| प्रदेश नं. ६ | ७,२१९ | ८,०३८ | १५,२५७ | २,७९८ | ३,०९२ | ५,८९० |
| प्रदेश नं. ७ | ११,२२३ | १२,६०७ | २३,८३० | ४,२६१ | ५,२०४ | ९,४६५ |

स्रोतः उच्च माध्यमिक शिक्षा परिषद, सानोठिमी, भक्तपुर ।

नेपालमा शैक्षिक वर्ष २०७३ मा कक्षा ११ मा सम्मिलित कुल परीक्षार्थी संख्या २,६६,०९४ रहेको छ । प्रदेश अनुसार हेर्ने हो भने सबैभन्दा बढी प्रदेश नं. ३ मा ३४.८ प्रतिशत र क्रमशः प्रदेश नं. १ मा १६.१ प्रतिशत, प्रदेश नं. ५ मा १३.८ प्रतिशत, प्रदेश नं. ४ मा ११.७ प्रतिशत, प्रदेश नं. २ र ७ मा ९, ९ प्रतिशत, र प्रदेश नं. ६ मा ५.७ प्रतिशत रहेको छ । यसै गरी सम्मिलित कुल परीक्षार्थीको उत्तीर्ण प्रतिशत हेर्ने हो भने नेपालको ५१.७ प्रतिशत उत्तीर्ण तथा प्रदेश नं. १ मा ४४.३ प्रतिशत, प्रदेश नं. २ मा ५४.१ प्रतिशत, प्रदेश नं. ३ मा ६२.४ प्रतिशत, प्रदेश नं. ४ मा

४८.७ प्रतिशत, प्रदेश नं. ५ मा ४७.७ प्रतिशत, प्रदेश नं. ६ मा ३८.६ प्रतिशत र प्रदेश नं. ७ मा ३९.७ प्रतिशत रहेको छ । यसरी हेर्दा सम्मिलित परीक्षार्थीको उत्तीर्ण प्रतिशत सबैभन्दा बढी प्रदेश नं. ३ मा र सबैभन्दा कम प्रदेश नं. ६ मा रहेको देखिन्छ । सम्मिलित छात्राको उत्तीर्ण प्रतिशत र सम्मिलित छात्रको उत्तीर्ण प्रतिशत हेर्दा प्रदेश नं. ४ र प्रदेश नं. ६ मा छात्राको उत्तीर्ण प्रतिशत बढी देखिन्छ बाँकी प्रदेश मा छात्रको उत्तीर्ण प्रतिशत बढी छ । नेपालमा सम्मिलित परीक्षार्थीको छात्रामा ५०.४ प्रतिशत र छात्रमा ५३.० प्रतिशत उत्तीर्ण देखिन्छ ।

तालिका ३.१२: कक्षा १२ को परीक्षामा सम्मिलित परीक्षार्थी र उत्तीर्ण परीक्षार्थी संख्या, २०७३

| क्षेत्र | कक्षा ११ | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्मिलित परीक्षार्थी संख्या | | | उत्तीर्ण परीक्षार्थी संख्या | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| नेपाल | १,१७,०८१ | १,२०,५०० | २,३७,५८१ | ५५,१५८ | ६२,१६९ | १,१७,३२७ |
| प्रदेश नं. १ | १९,१४० | १७,७५७ | ३६,८९७ | ८,३९२ | ९,०३८ | १७,४३० |
| प्रदेश नं. २ | १०,१७० | ११,०९२ | २१,२६२ | ४,२२१ | ५,३८४ | ९,६०५ |
| प्रदेश नं. ३ | ४०,३९८ | ४४,९४७ | ८५,३४५ | २२,७७२ | २७,२९३ | ५०,०६५ |
| प्रदेश नं. ४ | १४,८१६ | १३,३८८ | २८,२०४ | ७,५२३ | ६,६७५ | १४,१९८ |
| प्रदेश नं. ५ | १६,२५५ | १६,२८८ | ३२,५४३ | ७,४९४ | ८,१८९ | १५,६८३ |
| प्रदेश नं. ६ | ६,१९६ | ६,५७२ | १२,७६८ | १,९७० | २,१८५ | ४,१५५ |
| प्रदेश नं. ७ | १०,१०६ | १०,४५६ | २०,५६२ | २,७८६ | ३,४०५ | ६,१९१ |

स्रोत: उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुर ।

नेपालमा शैक्षिक वर्ष २०७३ मा कक्षा १२ मा सम्मिलित कुल परीक्षार्थी संख्या २,३७,५८१ रहेको छ । प्रदेश अनुसार हेर्ने हो भने सबैभन्दा बढी प्रदेश नं. ३ मा ३५.९ प्रतिशत र क्रमशः प्रदेश नं. १ मा १५.५ प्रतिशत, प्रदेश नं. ५ मा १३.७ प्रतिशत, प्रदेश नं. ४ मा ११.९ प्रतिशत, प्रदेश नं. २ मा ८.९ प्रतिशत, प्रदेश नं. ७ मा ८.७ प्रतिशत, र प्रदेश नं. ६ मा ५.७ प्रतिशत रहेको छ । यसरी कक्षा ११ र कक्षा १२ दुवैमा प्रदेशहरु क्रमशः एकै क्रममा रहेको देखियो । कक्षा १२ को सम्मिलित कुल परीक्षार्थीको उत्तीर्ण प्रतिशत हेर्ने हो भने नेपालको ४९.४ प्रतिशत उत्तीर्ण तथा प्रदेश नं. १ मा ४७.२ प्रतिशत, प्रदेश नं. २ मा ४५.२ प्रतिशत, प्रदेश नं. ३ मा ५८.७ प्रतिशत, प्रदेश नं. ४ मा ५०.३ प्रतिशत, प्रदेश नं. ५ मा ४८.२ प्रतिशत, प्रदेश नं. ६ मा ३२.५ प्रतिशत र प्रदेश नं. ७ मा ३०.१ प्रतिशत रहेको छ । यसरी हेर्दा सम्मिलित परीक्षार्थीको उत्तीर्ण प्रतिशत सबैभन्दा बढी प्रदेश नं. ३ मा र सबैभन्दा कम प्रदेश नं. ७ मा रहेको देखिन्छ । कक्षा ११ र कक्षा १२ को उत्तीर्ण प्रतिशत तुलना गर्ने हो भने कक्षा ११ को तुलनामा कक्षा १२ को उत्तीर्ण प्रतिशत कम देखिन्छ । तर प्रदेश नं. ४ मा भने कक्षा ११ को भन्दा १२ को उत्तीर्ण प्रतिशत बढी देखिन्छ । सम्मिलित छात्राको उत्तीर्ण प्रतिशत र सम्मिलित छात्रको उत्तीर्ण प्रतिशत हेर्दा प्रदेश नं. ४ मा मात्र छात्राको उत्तीर्ण प्रतिशत बढी देखिन्छ बाँकी प्रदेश मा छात्रको उत्तीर्ण प्रतिशत बढी छ । नेपालमा सम्मिलित परीक्षार्थीको छात्रामा ४७.१ प्रतिशत र छात्रमा ५१.६ प्रतिशत उत्तीर्ण देखिन्छ ।

**विश्वविद्यालय**

नेपालमा हालसम्म खोलिएका विश्वविद्यालयहरुमध्ये त्रिभुवन विश्वविद्यालय नेपालको ज्येष्ठ विश्वविद्यालय हो । नेपालमा उच्च शिक्षाको विकास गर्ने उद्देश्यले २०१६ सालमा यसको स्थापना गरिएको हो । नेपाल संस्कृत विश्वविद्यालय दोस्रो विश्वविद्यालय हो । संस्कृत भाषाको सम्बर्धन तथा विकासको लागि मुलुकभित्रै संस्कृत भाषामा उच्च शिक्षा प्रदान गर्ने उद्देश्य राखी यस विश्वविद्यालयको स्थापना भएको हो । यस विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको बेलझुन्डी, दाङमा रहेको छ । वि.सं. २०४८ मा तेस्रो विश्वविद्यालयको रूपमा काठमाडौं विश्वविद्यालयको स्थापना भएको  हो । देशलाई विभिन्न विषयमा ज्ञान तथा सीप भएका दक्ष जनशक्ति आवश्यक पर्ने र एउटै विश्वविद्यालयले उक्त कार्य सम्पन्न गर्न व्यवस्थापकीय लगायतका विभिन्न कठिनाईहरुका कारणले सम्भव नहुने भएकोले नेपाल  सरकारले क्षेत्रीय स्तरमा निजी स्रोत र साधनबाट विश्वविद्यालयहरु स्थापना गर्ने नीति लिए अनुरुप २०५१ सालमा पूर्वाञ्चल विश्वविद्यालयको स्थापना भएको हो । यस विश्वविद्यालयले उच्च शिक्षा क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । पोखरा विश्वविद्यालय वि.सं. २०५४ मा स्थापित भएको हो । भारत सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा वि.सं. २०५५ मा सुनसरी जिल्लाको धरानमा स्थापित यस प्रतिष्ठान विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्था हो । यस प्रतिष्ठानले चिकित्सक र नर्स उत्पादन गर्ने गर्दछ । विश्वविद्यालय सम्बन्धी विवरण तालिका ३.१३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.१३ः संकाय अनुसार विभिन्न विश्वविद्यालयहरुको विद्यार्थी विवरण, २०७४

| विश्वविद्यालय | विज्ञान तथा प्रविधि | बुद्धि जम | व्यवस्थापन | मानविकी तथा समाज शास्त्र | शिक्षा | अंग्रजी | चिकित्सा | कानून | संस्कृत | ए.भि.एफ | कृषि | वन विज्ञान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | १,२३५ | – | २,२०९ | १,२६३ | ८९४ | १,३२७ | ९,६५१ | ७९ | – | – | – | – | १६,६५८ |
| लुम्बिनी बौद्ध | – | १९६ | – | – | – | – | – | – | – | – | – | – | १९६ |
| पोखरा | ६३२ | – | १५,७८३ | २७२ | – | ७,७९५ | १,५५० | – | – | – | – | – | २६,०३२ |
| पूर्वाञ्चल | ५,९९३ | – | ७,९९६ | ५९१ | ३,५४६ | – | ४,६०३ | ८१० | – | – | – | – | २३,५३९ |
| त्रिभुवन | २७,३४९ | – | १२४,५६८ | ३५,५४१ | ८२,८०५ | ७,३२२ | १,५८२ | ५,२८६ | – | – | – | – | २८४,४५३ |
| मध्य पश्चिमाञ्चल | २५५ | – | १,०३२ | ९१३ | ५०१ | ३४५ | – | – | – | – | – | – | ३,०४६ |
| पाटन स्वास्थ्य वि.प्र. | – | – | – | – | – | – | ३५० | – | – | – | – | – | ३५० |
| सुदूर पश्चिमाञ्चल | १६१ | – | ९६७ | २०६ | ७३५ | १४२ | – | – | – | – | – | – | २,२११ |
| वि.पी. स्वास्थ्य वि.प्र. | – | – | – | – | – | – | १,४४८ | – | – | – | – | – | १,४४८ |
| नेपाल संस्कृत | – | – | – | – | १,१८१ | – | – | – | २९० | – | – | – | १,४७१ |
| कृषि तथा वन | – | – | – | – | – | – | – | – | – | ३५३ | ९४५ | २८५ | १,५८३ |
| चिकित्सा वि.रा.प्र. | – | – | – | – | – | – | ९० | – | – | – | – | – | ९० |
| जम्मा | ३५,६२५ | १९६ | १५२,५५५ | ३८,७८६ | ८९,६६२ | १६,९३१ | १९,२७४ | ६,१७५ | २९० | ३५३ | ९४५ | २८५ | ३६१,०७७ |

स्रोतः विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर ।

विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त विवरण अनुसार शैक्षिक शत्र २०७४ मा ३,६१,०७७ विद्यार्थी अध्ययनरत देखिन्छ। विश्वविद्यालयमा अध्ययनरत कुल विद्यार्थीको सबैभन्दा बढी ७८.८ प्रतिशत विद्यार्थी त्रिभुवन विश्वविद्यालय अन्तरगत अध्ययनरत देखिन्छन् भने त्यसपछि क्रमशः पोखरा विश्वविद्यालयमा ७.२ प्रतिशत, पूर्वाञ्चल विश्वविद्यालयमा ६.५ प्रतिशत, काठमाडौं विश्वविद्यालयमा ४.६ प्रतिशत, मध्यपश्चिमाञ्चलमा ०.८ प्रतिशत, सुदूरपश्चिमाञ्चलमा ०.६ प्रतिशत, ए.एफ.यू. मा ०.४ प्रतिशत, नेपाल संस्कृत विश्वविद्यालयमा ०.४ प्रतिशत, वी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ०.४ प्रतिशत, पि.ए.एच.एस. मा ०.१० प्रतिशत, एल.बि.यू. मा ०.०५ प्रतिशत, र एन.ए.एम.एस. ०.०२ प्रतिशत रहेको देखिन्छ।

# परिच्छेद ४

# स्वास्थ्य र स्वास्थ्य सेवा

**अपाङ्गता**

नेपालको कानुनले अपाङ्गता भएका नागरिकलाई पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा विशेष पहुँचको व्यवस्था गरेको छ । राष्ट्रिय जनगणना २०६८ मा अपाङ्गता भएका व्यक्तिहरु कति र कस्ता किसिमका छन् भनी जान्नको लागि अपाङ्गता सम्बन्धी प्रश्न राखिएको थियो । नेपालमा वि.सं. २०६८ मा कुल जनसंख्याको करिव २ प्रतिशत जनसंख्या अपाङ्गता भएको देखिन्छ । अपाङ्गता सम्बन्धी प्रदेशिक जनसंख्या प्रतिशत तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१: अपाङ्गता भएको जनसंख्या, २०६८

| क्षेत्र | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| नेपाल | १.९ | १.७ | २.२ |
| प्रदेश नं. १ | २.१ | १.८ | २.४ |
| प्रदेश नं. २ | १.३ | १.१ | १.५ |
| प्रदेश नं. ३ | १.६ | १.५ | १.८ |
| प्रदेश नं. ४ | २.३ | १.९ | २.७ |
| प्रदेश नं. ५ | १.९ | १.६ | २.२ |
| प्रदेश नं. ६ | ३.१ | २.८ | ३.५ |
| प्रदेश नं. ७ | २.७ | २.४ | २.९ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग ।

नेपालको कुल जनसंख्याको १.९ प्रतिशत जनसंख्यामा कुन न कुनै प्रकारको अपङ्गता रहेको देखिन्छ । प्रादेशिक तहमा हेर्दा कुल प्रत्येक प्रादेशिक जनसंख्याको सबैभन्दा बढी अपाङ्गता प्रतिशत प्रदेश नं. ६ मा ३.१ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ मा १.३ प्रतिशत रहेको देखिन्छ । त्यस्तै कुल प्रदेशिक महिलाको जनसंख्याको सबैभन्दा बढी अपाङ्गता प्रतिशत प्रदेश नं. ६ मै २.८ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ मा १.१ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी कुल प्रदेशिक पुरुषको जनसंख्याको सबैभन्दा बढी अपाङ्गता प्रतिशत प्रदेश नं. ६ मै ३.५ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ मा १.५ प्रतिशत रहेको देखिन्छ ।

## बाल मृत्यु दर र पोषण

केन्द्रीय तथ्यांक विभागद्धारा २०१४ मा गरिएको नेपाल वहुसूचक सर्वेक्षण (NMICS) मा विभिन्न सूचकमध्ये बाल मृत्यु दर तथा पोषण सम्बन्धी सूचकको विश्लेषण गरिएको थियो । सो सम्बन्धी विवरण तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.२ : बाल मृत्यु दर (प्रति हजारमा) र पोषण (प्रतिशतमा), २०१४

| बाल मृत्यु दर (प्रति हजारमा) | नेपाल |
|---|---|
| नवजात शिशु मृत्यु दर (Neonatal mortality rate) | २३.० |
| Post-Neonatalमृत्यु दर | ११.० |
| शिशु मृत्युदर (Infant mortality rate) | ३३.० |
| बाल मृत्यु दर (Child mortality rate) | ५.० |
| पाँच वर्ष मुनिको बालमृत्युदर (Under five mortality rate) | ३८.० |
| पोषण (प्रतिशतमा) | नेपाल |
| उमेर अनुसार तौल कम- लिखुरे(Underweight children) | ३०.१ |
| उमेर अनुसार उचाई कम- पुड्के (Stunting children) | ३७.४ |
| उचाई अनुसार तौल कम- च्यासे (Wasting children) | ११.३ |

स्रोत: नेपाल बहुसूचक सर्वेक्षण, २०१४

सन् २०१४ मा नेपालमा प्रति हजारमा २३ जना नवजात शिशुको मृत्यु हुने देखाएको छ । त्यस्तै शिशु मृत्युदर ३३, बाल मृत्यु दर ५ र पाँच वर्ष मुनिको बालमृत्युदर ३८ देखाएको छ । बालबालिकाको विकासमा पोषणको महत्तवपूर्व भूमिका रहेको हुन्छ । बालबालिकको उचित विकासको विभिन्न सूचकांक मध्ये उमेर अनुसारको उचित तौल, उमेर अनुसार उचाई तथा उचाई अनुसार तौललाई लिन सकिन्छ । नेपालमा सन् २०१४ सम्ममा ३०.१ प्रतिशत बालबालिका उमेर अनुसार तौल कम रहेको देखिएको छ भने उमेर अनुसार उचाई कम हुने बालबलिका ३७.४ प्रतिशत रहेको देखिन्छ । त्यस्तै बालबलिकाको विकासको लागि उचाई अनुसार पनि तौल हुनु महत्तवपूर्ण हुन्छ । नेपालमा सन् २०१४ मा उचाई अनुसार तौल कम हुने बालबालिका जसलाई च्यासे पनि भनिन्छ सो को प्रतिशत ११.३ रहेको देखिन्छ ।

## स्वास्थ्य संस्था

नेपालको कूल जनसंख्याको ८२.९ प्रतिशत जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ग्रामीण क्षेत्रमा बसोबास गरेको देखिन्छ । स्वास्थ्य सरकारको प्राथमिक क्षेत्रमा रहँदै आएको छ । मानव अधिकारको रुपमा स्वास्थ्य सेवा सम्वन्धी अधिकारलाई पनि स्वीकार गरिएको छ भने नेपालको संविधान अनुसार स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकमा राखिएको छ । एकातिर कमजोर आर्थिक स्थिति र अज्ञानताको कारणले धेरै नेपालीहरु अझै पनि विभिन्न साना ठूला रोगव्याधीवाट पीडित छन् भने अर्कातिर भौगोलिक विकटता, भौतिक पूर्वाधारको अभावका साथै तालिम प्राप्त

जनशक्तिको अभावले गर्दा लक्षित समुदायसम्म भरपर्दो स्वास्थ्य सेवा पुऱ्याउन सकिरहेको छैन । स्वास्थ्य सेवालाई अझ वढी सेवामुलक वनाउन स्वास्थ्य सेवाको विकास र विस्तार गरी स्वास्थ्य जनशक्ति उपलव्ध गराउन ग्रामिण स्तरसम्म एकिकृत स्वास्थ्य सेवा पुऱ्याउन सरकार प्रयत्नरत छ । तालिका ४.३ र ४.४ मा स्वास्थ्य संस्थाहरुको विवरण प्रस्तुत गरिएको छ ।

तालिका ४.३: स्वास्थ्य संस्था, २०७३/७४

| क्षेत्र | अस्पताल संख्या | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | महिला स्वास्थ्य स्वयं सेविका |
|---|---|---|---|---|
| नेपाल | १२२ | २०० | ३,८०९ | ४९,००१ |
| प्रदेश नं १ | १८ | ४१ | ६४८ | ८,५७८ |
| प्रदेश नं २ | १३ | ३२ | ७४५ | ७,०७३ |
| प्रदेश नं ३ | ३३ | ४३ | ६४० | ९,०१६ |
| प्रदेश नं ४ | १३ | २४ | ४९२ | ५,७६७ |
| प्रदेश नं ५ | १९ | ३१ | ५७० | ८,७१८ |
| प्रदेश नं ६ | १२ | १३ | ३३६ | ४,१०२ |
| प्रदेश नं ७ | १४ | १६ | ३७८ | ५,७४७ |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं ।

गत आ.व. को तुलनामा यस आ.व. २०७३/७४ मा अस्पताल संख्या र स्वास्थ्य चौकी ६.१ र ०.२ प्रतिशतले क्रमशः बढेको देखिन्छ भने प्राथमिक स्वास्थ्य केन्द्र र महिला स्वास्थ्य स्वयं सेविका क्रमशः १.० र १.१ प्रतिशतले घटेको देखिन्छ ।

आ.व. २०७३/७४ मा नेपालमा कुल १२२ अस्पताल संख्या रहेको देखिन्छ । प्रदेश तहमा हेर्दा अस्पतालको सबैभन्दा बढी हिस्सा प्रदेश नं. ३ मा २७.० प्रतिशत रहेको देखिन्छ र क्रमशः प्रदेश नं. ५ मा १५.६ प्रतिशत, प्रदेश नं. १ मा १४.८ प्रतिशत, प्रदेश नं. ७ मा ११.५ प्रतिशत, प्रदेश नं. २ मा १०.६ प्रतिशत, प्रदेश नं. ४ मा १०.६ प्रतिशत, र प्रदेश नं. ६ मा ९.८ प्रतिशत रहेको देखिन्छ ।

त्यस्तै नेपालमा कुल २०० प्राथमिक स्वास्थ्य केन्द्र रहेको देखिन्छ । कुल प्राथमिक स्वास्थ्य केन्द्रको करिब २१.५ प्रतिशत प्रदेश नं. ३ मा रहेको देखिन्छ भने त्यसपछि क्रमशः प्रदेश नं. १ मा २०.५ प्रतिशत, प्रदेश नं. २ मा १६.० प्रतिशत, प्रदेश नं. ५ मा १५.५ प्रतिशत, प्रदेश नं. ४ मा १२.० प्रतिशत, प्रदेश नं. ७ मा ८.० प्रतिशत र प्रदेश नं. ६ मा ६.५ प्रतिशत रहेको छ ।

नेपालमा आ.व. २०७३/७४ मा ३,८०९ स्वास्थ्य चौकी रहेको देखिन्छ । कुल स्वास्थ्य चौकीको १९.६ प्रतिशत हिस्सा प्रदेश नं २ मा रहेको देखिन्छ भने सो पछि क्रमशः प्रदेश नं १ मा १७.० प्रतिशत, प्रदेश नं ३ मा १६.८ प्रतिशत,

प्रदेश नं ५ मा १५.० प्रतिशत, प्रदेश नं ४ मा १२.९ प्रतिशत, प्रदेश नं ७ मा ९.९ प्रतिशत, र प्रदेश नं ६ मा ८.८ प्रतिशत स्वास्थ्य चौकी रहेको देखिन्छ।

यसै गरी महिला स्वास्थ्य स्वयं सेविका ४९,००१ रहेको देखिन्छ। प्रदेश नं. ३ मा कुल महिला स्वास्थ्य स्वयं सेविकाको १८.४ प्रतिशत रहेको देखिन्छ। प्रदेश नं. ५ मा १७.८ प्रतिशत, प्रदेश नं. १ मा १७.५ प्रतिशत, प्रदेश नं. २ मा १४.४ प्रतिशत, प्रदेश नं. ४ मा ११.८ प्रतिशत, प्रदेश नं. ७ मा ११.७ प्रतिशत, र प्रदेश नं. ६ मा ८.४ प्रतिशत रहेको देखिन्छ।

तालिका ४.४: स्वास्थ्य संस्थाहरुको तुलनात्मक विवरण

| आ.व | अस्पताल संख्या | प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी संख्या | उप-स्वास्थ्य चौकी संख्या | महिला स्वास्थ्य स्वयं सेविका |
|---|---|---|---|---|
| ०५६।५७ | ७४ | ८८८ | ३,१५२ | ४६,५९७ |
| ०५७।५८ | ७४ | ८८२ | ३,१३२ | ४७,२६१ |
| ०५८।५९ | ७९ | ८८३ | ३,१३२ | ४८,०४७ |
| ०५९।६० | ७९ | ८८५ | ३,१२९ | ४७,१४३ |
| ०६०।६१ | ८४ | ८८६ | ३,१२९ | ४८,३०७ |
| ०६१।६२ | ८९ | ८८३ | ३,१२९ | ४८,१६४ |
| ०६२।६३ | ८९ | ८८४ | ३,१२९ | ४८,३५२ |
| ०६३।६४ | ८९ | ८८६ | ३,१२६ | ४८,४४५ |
| ०६४।६५ | ९१ | ८८६ | ३,१३४ | ४८,५१४ |
| ०६५।६६ | १०० | ८८३ | ३,१२७ | ४८,४८९ |
| ०६६।६७ | ११७ | ८८३ | ३,१२७ | ४८,४८९ |
| ०६७।६८ | ९५ | ८८५ | ३,१२९ | ४८,६८० |
| ०६८।६९ | १०२ | १,०२७ | २,९८७ | ४८,८९७ |
| ०६९।७० | १०४ | १,५१६ | २,५११ | ५०,००७ |
| ०७०।७१ | १०२ | १,७६७ | २,२४७ | ५१,४७२ |
| ०७१।७२ | ११६ | ४,००६ | - | ४९,६७७ |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन सूचना शाखा।

## वी.सी.जी., डी.पी.टी., पोलियो र दादुरा खोप

विस्तारित खोप कार्यक्रम अर्न्तगत वी.सी.जी., डी.पी.टी., पोलियो र दादुराको खोप ९ देखि २३ महिना सम्मका वालवालिकालाई दिने व्यवस्था गरिएको छ। विश्वबाटै पोलियो उन्मूलन गर्ने अभियान अनुरुप नेपालमा पनि आ.व.०५३/५४ देखि राष्ट्रिय अभियानको रुपमा ०-५ वर्ष सम्मका वालवालिकाहरुलाई पोलियो थोपा खुवाउने गरिएको छ। नवजात शिशुमा हुने धनुषटंकार रोगलाई पनि निर्मूल पार्न पहिचान गरिसकेका स्थानहरुमा विशेष टी.डी. खोपको अभियान नै सञ्चालन गरिएको छ। खोप सेवा सम्बन्धि विवरण तालिका ४.५ र ४.६ मा प्रस्तुत गरिएको छ।

तालिका ४.५: खोप, २०७३/७४

| क्षेत्र | वी.सी.जी. | डी.पी.टी. /Hep B | | | पोलियो | | | दादुरा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | १ | २ | ३ | |
| नेपाल | ५,६९,७५१ | ५,६६,०९८ | ५,५२,१९० | ५,३९,६९८ | ५,६२,४५२ | ५,५०,५४४ | ५,३६,१९१ | ५,२४,३३२ |
| प्रदेश नं १ | ९७,९८८ | ९५,८०८ | ९२,८०५ | ९२,४७० | ९५,४५१ | ९२,५९८ | ९१,६९० | ८८,७०९ |
| प्रदेश नं २ | १,२८,२८१ | १,३७,६०५ | १,२९,५९८ | १,२२,७४३ | १,३५,६९४ | १,२९,६९६ | १,२१,९४९ | १,१३,४५७ |
| प्रदेश नं ३ | १,०९,३५९ | ९८,९५७ | ९८,८४७ | ९८,०१३ | ९८,५४१ | ९८,०७२ | ९६,८६२ | ९८,०७५ |
| प्रदेश नं ४ | ४२,८९१ | ४४,३६४ | ४४,०५० | ४३,६४८ | ४४,१५२ | ४३,९५९ | ४३,५६९ | ४३,०३५ |
| प्रदेश नं ५ | १,००,३०५ | ९८,३८२ | ९६,९५७ | ९४,७३९ | ९८,०५५ | ९६,४८५ | ९४,२७७ | ९३,३८४ |
| प्रदेश नं ६ | ३७,४६० | ३७,४६६ | ३६,९०६ | ३५,६९० | ३७,१२८ | ३६,८४५ | ३५,४७२ | ३५,३९४ |
| प्रदेश नं ७ | ५३,४६७ | ५३,५१६ | ५३,०२७ | ५२,३९५ | ५३,४३१ | ५२,८८९ | ५२,३७२ | ५२,२७८ |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं ।

आ.व. २०७३/७४ मा कुल ५,६९,७५१ बालबालिकाले वी.सी.जी. खोप लगाएको देखिन्छ भने डी.पी.टी. को तेश्रो खोप ५,३९,६९८ बालबालिकाले, पोलियो तेश्रो थोपा ५,३६,१९१ बालबालिकाले र दादुरा ५,२४,३३२ बालबलिकाले लगाएको देखिन्छ । गत आ.व. को खोपको तुलनामा यस आ.व. मा वी.सी.जी खोपको मात्रामा १.० प्रतिशतले कमी आएको देखिन्छ भने डी.पी.टी. तेश्रो खोपमा ०.२ प्रतिशतले वृद्धि, पोलियो तेश्रो खोपमा २.२ प्रतिशतले वृद्धि तथा दादुरा खोपमा २.९ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

प्रदेश अनुसार हेर्ने हो भने वी.सी.जी., डी.पी.टी., पोलियो र दादुराको खोपको वितरण सबैभन्दा बढी प्रदेश नं. २ मा र क्रमशः प्रदेश नं. ३, ५, १, ७, ४, र ६ मा रहेको देखिन्छ । आ.व. २०७३/७४ को कुल वी.सी.जी. खोपको वितरण तथ्यांक हेर्दा सबैभन्दा बढी प्रदेश नं. २ मा २२.५ प्रतिशत र क्रमशः प्रदेश नं. ३ मा १९.२ प्रतिशत, प्रदेश नं. ५ मा १७.६ प्रतिशत, प्रदेश नं. १ मा १७.२ प्रतिशत, प्रदेश नं. ७ मा ९.४ प्रतिशत, प्रदेश नं. ४ मा ७.५ प्रतिशत र प्रदेश नं. ६ मा ६.६ प्रतिशत रहेको देखिन्छ ।

त्यस्तै डी.पी.टी. तेश्रो खोप वितरण प्रदेश नं. २ मा २२.७ प्रतिशत र क्रमशः प्रदेश नं. ३ मा १८.२ प्रतिशत, प्रदेश नं. ५ मा १७.६ प्रतिशत, प्रदेश नं. १ मा १७.१ प्रतिशत, प्रदेश नं. ७ मा ९.७ प्रतिशत, प्रदेश नं. ४ मा ८.१ प्रतिशत र प्रदेश नं. ६ मा ६.६ प्रतिशत रहेको देखिन्छ ।

पोलियोको तेश्रो थोपा प्रदेश नं. २ मा २२.७ प्रतिशत र क्रमशः प्रदेश नं. ३ मा १८.१ प्रतिशत, प्रदेश नं. ५ मा १७.६ प्रतिशत, प्रदेश नं. १ मा १७.१ प्रतिशत, प्रदेश नं. ७ मा ९.८ प्रतिशत, प्रदेश नं. ४ मा ८.१ प्रतिशत र प्रदेश नं. ६ मा ६.६ प्रतिशत रहेको देखिन्छ ।

यसै गरी दादुराको खोपको वितरण प्रदेश नं. २ मा २१.६ प्रतिशत र क्रमशः प्रदेश नं. ३ मा १८.७ प्रतिशत, प्रदेश नं. ५ मा १७.८ प्रतिशत, प्रदेश नं. १ मा १६.९ प्रतिशत, प्रदेश नं. ७ मा १०.० प्रतिशत, प्रदेश नं. ४ मा ८.२ प्रतिशत र प्रदेश नं. ६ मा ६.८ प्रतिशत रहेको देखिन्छ ।

तालिका ४.६: वी.सी.जी., डी.पी.टी., पोलियो र दादुराको खोप सम्वन्धी तुलनात्मक विवरण

| आ.व. | वी.सी.जी. | डी.पी.टी. ⁄ Hep B | | | पोलियो | | | दादुरा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | १ | २ | ३ | |
| ०५६।५७ | ६,७८,२६३ | ६,३६,६६१ | ५,९८,१११ | ५,५७,७६४ | ६,४२,६०९ | ५,९८,८५१ | ५,६०,६४० | ५,३७,४७१ |
| ०५७।५८ | ६,७८,५६५ | ६,३९,६१८ | ६,०३,३१८ | ५,७३,८८७ | ६,३६,८०६ | ५,८१,५७३ | ५,७३,९६८ | ५,३८,३४६ |
| ०५८।५९ | ६,९३,००७ | ६,५२,३३३ | ६,१८,०३४ | ५,८१,९३४ | ६,५०,५४८ | ६,१७,६१३ | ५,९१,७५१ | ५,५७,०३९ |
| ०५९।६० | ७,३४,३६५ | ६,८८,७६३ | ६,६४,९१६ | ६,५२,६४० | ६,७४,०१५ | ६,४९,३७३ | ६,३५,६५३ | ६,०६,८३४ |
| ०६०।६१ | ७,०१,८५३ | ६,८८,७८१ | ६,६६,१४० | ६,५७,८११ | ६,८५,६१३ | ६,६२,८१६ | ६,५७,५४८ | ६,६५,०८३ |
| ०६१।६२ | ६,७९,५८४ | ६,३५,०५६ | ६,०३,१६५ | ५,८८,५८३ | ६,५२,२०९ | ६,२६,३२० | ६,१०,४४६ | ६,१२,२६७ |
| ०६२।६३ | ७,१३,०८६ | ६,९०,४९६ | ६,८१,००६ | ६,९०,२९८ | ६,८४,०५३ | ६,७५,०५९ | ६,८२,४०१ | ६,४९,३९० |
| ०६३।६४ | ६,७६,८६४ | ६,५१,७०३ | ६,३६,०९२ | ६,३०,७१८ | ६,४८,६९२ | ६,३३,५९० | ६,२८,४५४ | ६,३२,९५१ |
| ०६४।६५ | ६,५७,३०७ | ६,३१,७०५ | ६,१७,७४५ | ६,१५,२६७ | ६,२९,३९७ | ६,१४,२५३ | ६,१४,८२७ | ६,०९,९३४ |
| ०६५।६६ | ६,४१,५२५ | ६,२५,०५३ | ५,९४,७५१ | ६,१२,८२३ | ६,२३,१५७ | ५,९३,५९४ | ६,११,०१९ | ५,६८,८७१ |
| ०६६।६७ | ६,१३,०३२ | ५,५०,७१९ | ५,२१,९५८ | ५,२९,३१० | ५,६३,१५३ | ५,३५,५४१ | ५,४०,२७६ | ५,६०,५५८ |
| ०६७।६८ | ६,३७,५२६ | ५,८५,४६७ | ५,९०,९०५ | ६,२७,६५४ | ५,८१,२८४ | ५,८४,८७५ | ६,२३,०१५ | ५,७४,७९० |
| ०६८।६९ | ६,३२,४२२ | ५,९०,८८६ | ५,८२,५८१ | ५,९६,६५८ | ५,९०,३८६ | ५,८१,४०४ | ५,९१,१३२ | ५,६९,३६७ |
| ०६९।७० | ६,२३,६५९ | ५,९०,४५६ | ५,७७,२३६ | ५,८४,७२७ | ५,८८,३६८ | ५,७४,४७३ | ५,८४,४२० | ५,६४,६५० |
| ०७०।७१ | ६,२१,८९६ | ५,६७,९८० | ५,५६,९६६ | ५,७६,७९७ | ५,६८,१३४ | ५,५७,३१६ | ५,७५,४४५ | ५,५४,७०३ |
| ०७१।७२ | ५,७१,४२० | ५,७०,४५३ | ५,५५,३३३ | ५,५२,२८९ | ५,६९,५८५ | ५,५५,८६६ | ५,५०,४३४ | ५,१७,३४९ |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन सूचना शाखा ।

## टी.डी. खोप

विस्तारित खोप कार्यक्रम अर्न्तगत टी.डी. खोप नेपालभरका १५ देखि ४४ वर्ष उमेरका गर्भवती तथा सुत्केरी महिलाहरुलाई दिने व्यवस्था गरिएको छ । टी.डी. खोप सम्बन्धि विवरण तालिका ४.७ मा प्रस्तुत गरिएको छ भने तुलनात्मक विवरण तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.७: टी.डी. खोप, २०७३/७४

| क्षेत्र | १५-४४ वर्षका गर्भवती र सुत्केरी महिलालाई दिइएको टी.डी. खोप | | |
|---|---|---|---|
| | डोज १ | डोज २ | डोज २+ |
| नेपाल | ३,२४,४४० | २,८०,८०० | २,०५,६६६ |
| प्रदेश नं १ | ५८,१०६ | ५३,४०२ | २४,६९० |
| प्रदेश नं २ | ६९,९४९ | ५५,१०५ | ६७,८४१ |
| प्रदेश नं ३ | ७३,५१५ | ६३,३११ | १२,७०० |
| प्रदेश नं ४ | २२,३९१ | २२,११८ | १७,०२६ |
| प्रदेश नं ५ | ५३,११२ | ४८,५११ | ४४,५६० |
| प्रदेश नं ६ | २०,२५६ | १५,९४७ | १२,८६३ |
| प्रदेश नं ७ | २७,१११ | २२,४०६ | २५,९८६ |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं ।

आ.व. २०७३/७४ मा नेपालका १५ देखि ४४ वर्षका गर्भवती र सुत्केरी महिलालाई दिइएको टी.डी. खोप डोज १ को वितरण ३,२४,४४० जनालाई, डोज २ को वितरण २,८०,८०० जनालाई र डोज २ भन्दा माथिको वितरण २,०५,६६६ जनालाई भएको देखिन्छ । टी.डी. खोप डोज २ भन्दा माथिको प्रदेश अनुसारको वितरण हेर्दा सबैभन्दा बढी प्रदेश नं. २ मा ३३.० प्रतिशत, र क्रमशः प्रदेश नं. ५ मा २१.७ प्रतिशत, प्रदेश नं. ७ मा १२.६ प्रतिशत, प्रदेश नं. १ मा १२.० प्रतिशत, प्रदेश नं. ४ मा ८.३ प्रतिशत, प्रदेश नं. ६ मा ६.३ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ३ मा ६.२ प्रतिशत रहेको देखिन्छ । गत आ.व. को तुलनामा यस आ.व. २०७३/७४ मा टी.डी. खोप डोज १ मा २ प्रतिशतले वृद्धि भएको देखिन्छ भने डोज २ र डोज २ भन्दा माथिमा ०.५ प्रतिशत र ३.८ प्रतिशतले कमी भएको देखिन्छ ।

तालिका ४.८: टी.डी. खोप सम्बन्धि तुलनात्मक विवरण

| आ.व. | डोज १ | डोज २ | डोज ३ | डोज ४ | डोज ५ |
|---|---|---|---|---|---|
| ०५६।५७ | ३,१४,९६४ | २,३३,०७४ | २,४४,०६४ | १,१८,९७५ | ७८,७०१ |
| ०५७।५८ | ३,४२,८५७ | २,६५,२८३ | २,०६,५४९ | १,०३,४१३ | ६२,७३६ |
| ०५८।५९ | ३,०२,७४१ | २,४५,६५५ | १,७२,४१५ | ९६,५१५ | ४८,३६८ |
| ०५९।६० | ३,७१,३११ | ३,१२,५७२ | १,७९,१०१ | १,४९,६०९ | ४४,६४२ |
| ०६०।६१ | ४,२१,०४८ | ३,८२,२५८ | १,५७,३१९ | १,५९,५८० | ५७,६७५ |
| ०६१।६२ | ४,३७,५४९ | ४,१३,०२९ | ७४,१६२ | ७०,६८२ | ७२,९४७ |
| ०६२।६३ | ४,९३,०४७ | ४,८२,८४१ | ६१,५२३ | २८,६३४ | ३१,०१५ |
| ०६३।६४ | ४,६०,०७८ | ४,७७,३२६ | ४१,९५३ | १६,९३५ | ११,७८९ |
| ०६४।६५ | ४,२०,८८३ | ४,०९,०३२ | २,४४,०६४ | | |
| ०६५।६६ | ३,६५,३१० | ३,५८,५७३ | २,४३,९७९ | | |
| ०६६।६७ | २,९४,३६० | ३,२५,३१३ | २,६८,३३३ | | |
| ०६७।६८ | २,८६,३७९ | ३,१०,२८५ | २,८७,५२६ | | |
| ०६८।६९ | २,६३,०२१ | २,९५,५२४ | २,७४,९४५ | | |
| ०६९/७० | २,८५,१०७ | ३,०३,४४३ | २,६९,७७५ | | |
| ०७०/७१ | २,९०,६०९ | ३,०४,३२७ | २,६९,२०५ | | |
| ०७१/७२ | ३,२३,८३९ | २,९२,७६२ | २,२९,४३८ | | |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन सूचना शाखा ।

**परिवार नियोजन**

परिवार नियोजन कार्यक्रम अन्तर्गत “सानो परिवार सुखी परिवार” को अवधारणा साकार बनाउने लक्ष्य राखिएको छ । सामाजिक जीवनस्तर माथि उठाउन प्रजनन स्वास्थ्य सम्वन्धी बिभिन्न कार्यक्रमहरु सरकारी तथा गैरसरकारी संस्थाहरुको माध्यमबाट जनस्तरमा प्रभावकारी रुपले संचालन हुँदै आएका छन् । परिवार नियोजनका साधनहरुको प्रयोगकर्ता बढ्दै गएको छ । परिवार नियोजन सम्बन्धि विवरण तालिका ४.९ र ४.१० मा प्रस्तुत गरिएको छ ।

तालिका ४.९: परिवार नियोजनका स्थायी र अस्थायी साधनको प्रयोग, २०७३/७४

| क्षेत्र | स्थायी साधन पुरुष तथा महिला | अस्थायी साधन नयाँ प्रयोगकर्ता संख्या | | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | कण्डम प्रयोगकर्ता | कण्डम वितरण (गोटामा) | पिल्स | डिपो | आई. यू. डी. | इम्प्लान्ट | |
| नेपाल | ३०,२३३ | २,२१,३११ | ३,३१,९६,६१८ | १,४२,७२६ | २,७९,२०९ | ३४,०२८ | ९५,६०५ | ८,०३,११२ |
| प्रदेश नं १ | ५,९८९ | २६,७९९ | ४०,१९,७७७ | २३,०९४ | ४५,७५२ | ३,९९८ | १७,७४६ | १,२३,३७८ |
| प्रदेश नं २ | ९,९८८ | २५,३७३ | ३८,०५,९९० | २१,८७३ | ३८,३७९ | ५,२४० | ७,७०५ | १,०८,५५८ |
| प्रदेश नं ३ | ३,९५५ | ३०,२०० | ४५,२९,९८१ | २३,०८५ | ५५,२४७ | १०,७५८ | २५,०५४ | १,४८,२९९ |
| प्रदेश नं ४ | १,७४९ | २०,८२० | ३१,२२,९३३ | १३,६२७ | २०,६९८ | ३,५९९ | ७,२३९ | ६७,७३२ |
| प्रदेश नं ५ | ३,६१७ | ६१,६६२ | ९२,४९,२७१ | ३३,८८२ | ६१,९४८ | ६,३८८ | १९,२०७ | १,८६,७०४ |
| प्रदेश नं ६ | १,८८० | १८,०८८ | २७,१३,१४२ | ११,०९५ | २६,००५ | ८२८ | ६,५५८ | ६४,४५४ |
| प्रदेश नं ७ | ३,०५५ | ३८,३७० | ५७,५५,५२४ | १६,०७० | ३१,१८० | ३,२१७ | १२,०९६ | १,०३,९८८ |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं ।

नेपालमा गत वर्षको तुलनामा यस आ.व. २०७३/७४ मा परिवार नियोजनका स्थायी र अस्थायी साधनको प्रयोगमा वृद्धि आएको छ । आ.व. २०७३/७४ मा कुल ८,०३,११२ जनाले परिवार नियोजनको साधन प्रयोग गरेको देखिन्छ । परिवार नियोजनको साधन प्रयोग गर्नेमा अधिकतम करिब ९६.२ प्रतिशतले अस्थायी साधन प्रयोग गरेको देखिन्छ भने स्थायी साधनको प्रयोग ३.८ प्रतिशतले मात्र गरेको देखिन्छ । प्रदेश तह अनुसारको विवरण हेर्ने हो भने स्थायी साधनको प्रयोग प्रदेश नं. १ मा ४.९ प्रतिशत, प्रदेश नं. २ मा ९.२ प्रतिशत, प्रदेश नं. ३ मा २.७ प्रतिशत, प्रदेश नं. ४ मा २.६ प्रतिशत, प्रदेश नं. ५ मा १.९ प्रतिशत, प्रदेश नं. ६ मा २.९ प्रतिशत, प्रदेश नं. ७ मा २.९ प्रतिशत रहेको छ ।

नेपालमा अस्थाथी साधन प्रयोग गर्ने करिब ७,७२,८७९ जना देखिन्छ । अस्थायी साधनको प्रयोगमा कण्डम, पिल्स, डिपो, आई. यू. डी. र इम्प्लान्ट प्रयोग भएको देखिन्छ । नेपालमा कुल अस्थायी साधन प्रयोगकर्ताको सबैभन्दा बढी हिस्सा ३६.१ प्रतिशतले डिपो प्रयोग गरेको देखिन्छ भने त्यसपछि क्रमशः कण्डम २८.६ प्रतिशत, पिल्स १८.५ प्रतिशत, इम्प्लान्ट १२.४ प्रतिशत, र आई.यू.डी. ४.४ प्रतिशतले प्रयोग गरेको देखिन्छ । प्रदेश नं. १ मा डिपो ३९.० प्रतिशत, कण्डम २२.८ प्रतिशत, पिल्स १९.७ प्रतिशत, इम्प्लान्ट १५.१ प्रतिशत, र आई.यू.डी. ३.४ प्रतिशत प्रयोगकर्ता रहेको देखिन्छ । प्रदेश नं. २ मा डिपो ३८.९ प्रतिशत, कण्डम २५.७ प्रतिशत, पिल्स २२.२ प्रतिशत, इम्प्लान्ट ७.८ प्रतिशत, र आई.यू.डी. ५.३ प्रतिशत रहेको देखिन्छ । प्रदेश नं. ३ मा डिपो ३८.३ प्रतिशत, कण्डम २०.९ प्रतिशत, इम्प्लान्ट १७.४ प्रतिशत, पिल्स १६.० प्रतिशत, र आई.यू.डी. ७.५ प्रतिशत प्रयोगकर्ता रहेको देखिन्छ । प्रदेश नं. ४ मा कण्डम ३१.६ प्रतिशत, डिपो ३१.४ प्रतिशत, पिल्स २०.७, इम्प्लान्ट ११.० प्रतिशत र आई.यू.डी. ५.५ प्रतिशत प्रयोगकर्ता रहेको देखिन्छ । प्रदेश नं. ५ मा डिपो ३३.८ प्रतिशत, कण्डम ३३.७ प्रतिशत, पिल्स १८.५ प्रतिशत, इम्प्लान्ट १०.५ प्रतिशत र आई.यू.डी. ३.५ प्रतिशत प्रयोगकर्ता रहेको देखिन्छ । प्रदेश नं. ६ मा डिपो ४१.६ प्रतिशत, कण्डम २८.९ प्रतिशत, पिल्स १७.७ प्रतिशत, इम्प्लान्ट १०.५ प्रतिशत र आई.यू.डी. १.३ प्रतिशत प्रयोगकर्ता

रहेको देखिन्छ । त्यस्तै गरी प्रदेश नं. ७ मा कण्डम ३८.० प्रतिशत, डिपो ३०.९ प्रतिशत, पिल्स १५.९ प्रतिशत, इम्प्लान्ट १२.० प्रतिशत र आई.यू.डी. ३.२ प्रतिशत प्रयोगकर्ता रहेको देखिन्छ ।

तालिका ४.१०: परिवार नियोजनका स्थायी र अस्थायी साधनको प्रयोगकर्ताको तुलनात्मक विवरण

| आ.व. | स्थायी साधन पुरुष तथा महिला | अस्थायी साधन नयाँ प्रयोगकर्ता संख्या | | | | | अस्थायी जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | कण्डम प्रयोग/वितरण | पिल्स | डिपो | आई. यू.डी. | इम्प्लान्ट | |
| ०५९/६० | ७८,५७१ | १,९७,९६,८८१ | ८२,९८७ | २,३९,५३५ | ६,२७७ | ६,४२७ | ४,४९,५३९ |
| ०६०/६१ | ८४,०१५ | १,७०,७४,७१२ | ७८,३९१ | २,४२,९४२ | ८,१२९ | ८,२९७ | ४,५१,५९० |
| ०६१/६२ | ८७,२९८ | १,६६,९५,४९८ | ७६,८०९ | २,३६,६०६ | ८,५११ | ९,१४० | ४,४२,३७१ |
| ०६२/६३ | ९३,४१३ | १,९०,६६,४११ | ८०,७०५ | २,३६,३४४ | ८,६९० | १०,६६० | ४,६३,५०८ |
| ०६३/६४ | ८५,९७१ | १,९७,४४,३२१ | ७८,१७८ | २,२२,९०१ | ७,७४० | ११,४०२ | ४,५१,८५० |
| ०६४/६५ | ८०,६४१ | १,९७,५६,१६३ | ९४,३६७ | २,४७,२४० | ८,२६० | ११,१७७ | ४,९२,७५० |
| ०६५/६६ | ७७,६७८ | २,३९,७५,८५३ | १,०६,७१३ | २,५४,११५ | १७,४२१ | १६,७१४ | ५,५४,८०१ |
| ०६६/६७ | ७०,७८७ | १,५९,३०२ | १,१९,४८८ | २,६०,१३४ | ३१,८५८ | २३,९५६ | ५,९४,७३८ |
| ०६७/६८ | ६२,६०० | १,७०,३७२ | १,१०,६२६ | २,४७,६६४ | २८,०३१ | २३,३३४ | ५,८०,०३३ |
| ०६८/६९ | ५१,१८५ | १,७९,९३३ | १,१२,६३६ | २,४५,४२२ | ३२,३०५ | २७,५५७ | ५,९७,८५३ |
| ०६९/७० | ४६,४१५ | १,९७,०९२ | १,१२,६३६ | २,४०,२८५ | ३३,२०६ | ३५,६८४ | ६,१८,९०३ |
| ०७०/७१ | ३९,२१३ | १,९५,००८ | १,१०,२९७ | २,३५,५५१ | ३५,१४२ | ३७,८२३ | ६,१३,८२१ |
| ०७१/७२ | ३०,७२८ | ३,१३,८०,६२९ | १,११,८७७ | २,५५,३०९ | ३२,४२९ | ६१,३४३ | ३,१४,७४,४०१ |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन सूचना शाखा ।

## रक्त संचार सेवा

नेपाल रेडक्रस सोसाइटीको २०२० सालमा स्थापना भएपछि २०२३ साल साउन १२ गते नेपाल रेडक्रस रक्त संचार सेवा केन्द्रको सञ्चालन प्रारम्भ  भएको हो । यस सेवा केन्द्रले आफ्नो आन्तरिक श्रोत र साधनको परिचालन क्षमतामा क्रमशः वृद्धि भई हाल क्षेत्रगत तथा जिल्लागत रुपमा रक्त संचार सेवा केन्द्र तथा रक्त संचार इकाईहरुको स्थापना भएको छ । रक्त संचार सेवा सम्बन्धि विवरण तालिका ४.११ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.११: रक्त संचार सेवाबाट रगत संकलन र वितरण

| आ.व. | रगत संकलन (युनिट) | रगत वितरण (युनिट) |
|---|---|---|
| ०५७/५८ | ५८,८४३ | ८४,३२६ |
| ०५८/५९ | ७२,४५९ | ८९,४१४ |
| ०५९/६० | ७३,७५८ | १,०८,६४३ |
| ०६०/६१ | ७६,६४७ | १,१७,१२५ |
| ०६१/६२ | ८२,६७७ | १,२४,१४२ |
| ०६२/६३ | १,०३,०६७ | १,३६,६३० |
| ०६३/६४ | १,१५,७२० | १,४५,१६२ |
| ०६४/६५ | १,२१,५१२ | १,५४,१०७ |
| ०६५/६६ | १,३६,५८० | १,७८,६५२ |
| ०६६/६७ | १,५६,२७८ | २,१०,२१५ |
| ०६७/६८ | १,६९,९१७ | २,३०,८१५ |
| ०६८/६९ | १,७७,१९५ | २,४९,७३३ |
| ०६९/७० | १,८९,१२३ | २,७४,६२७ |
| ०७०/७१ | २,०१,१२२ | ३,०५,३१५ |
| ०७१/७२ | २,१७,१६० | ३,११,३३० |
| ०७२/७३ | २,३०,९८६ | ३,१०,६२३ |

स्रोत : नेपाल रेडक्रस सोसाइटी, रेडक्रसमार्ग, कालिमाटी ,काठमाण्डौ ।

आ.व. २०७२/७३ मा ती सेवा केन्द्र तथा इकाईहरुवाट २३०,९८६ युनिट रगत संकलन गरी ३१०,६२३ युनिट (रक्त तत्व सहित) रगत बिरामीहरुलाई उपलव्ध गराएको देखिन्छ । रगत उपलव्ध गराउँदा आवश्यकता अनुसार एक युनिट रगतबाट २-३ प्रकारका रक्त तत्व समेत छुट्याई सेवा उपलव्ध गराउदै आएकोले रगत संकलन युनिट भन्दा रगत वितरण युनिट बढी देखिएको हो । रक्त संचार सेवा केन्द्रले संचालनको प्रारम्भिक दिनहरुमा रगत किनबेच गर्ने पेशेवर व्यक्तिहरुबाट समेत रगत संकलन गर्ने गरिएकोमा आ.व.२०३९/४० देखि पेशेबर व्यक्तिहरुबाट रगत नलिई, स्वयंसेवी रक्तदाताहरुको संख्यामा वृद्धि गरी रगत संकलन गर्न थालिएको छ । विभिन्न संघ संस्थाहरु तथा निकायहरुद्धारा आयोजित घुम्ती रक्तदान कार्यक्रमबाट पनि उल्लेखनीय रुपमा रगत संकलन हुंदै आएको छ । यसका अतिरिक्त संस्थागतरुपमा रक्तदान गर्नेहरुको अभिरुचीमा वृद्धि हुदै गएको छ । यसले गर्दा आ.व.२०७१/७२ को तुलनामा यस आ.व. रक्त संकलनमा ०.१ प्रतिशतले बृद्धि भएको देखिन्छ ।

नेपाल सरकारले २०४८/१२/२४ बाट नेपालमा रक्त संचार सेवा केन्द्रको संचालन गर्ने अभिभारा नेपाल रेडक्रस सोसाईटीलाई सुम्पिएपछि क्रमिक रुपले नेपालका विभिन्न स्थानहरुमा रक्त संचार सेवा केन्द्रको विस्तार र विकास गर्ने उद्देश्य अनुरुप काठमाण्डौमा १ केन्द्रीय रक्त संचार सेवा, विराटनगर, पोखरा नेपालगंज र चितवनमा गरी ४ क्षेत्रीय रक्त संचार सेवा, २१ जिल्लामा जिल्ला स्तरिय रक्त संचार सेवा, ३१ जिल्लामा आकस्मिक रक्त संचार सेवा र २८ वटा अस्पतालमा रक्त संचार सेवा इकाईको स्थापना गरी रक्त संचार सेवा प्रदान गर्दै आइरहेको देखिन्छ ।

# परिच्छेद ५

# सूचना तथा सञ्चार

राष्ट्रको सर्वाङ्गिण विकासमा सूचना तथा सञ्चार क्षेत्रले विशेष महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हाम्रो जस्तो विकासशील देशमा सर्वसाधारण जनतालाई विभिन्न किसिमवाट सूचना सेवा र सुविधाहरु उपलब्ध गराई सूचना तथा सञ्चार क्षेत्रले देशको सामाजिक तथा आर्थिक विकासमा सहयोग पुऱ्याएको छ । यसै कारणले सूचना तथा सञ्चार क्षेत्रलाई विकासको सशक्त माध्यमको रुपमा पनि लिने गरिएको छ । नागरिकको संविधान प्रदत्त मौलिक हकको रुपमा सूचनाको हक रहेको छ ।

## दूरसञ्चार

नेपालमा उपलब्ध दूरसञ्चार सेवा निजी क्षेत्रलाईसमेत संलग्न गराई ब्यबस्थित र नियमित रुपमा  सञ्चालन गर्ने उद्देश्यले नेपाल दूरसञ्चार ऐन, २०५३ अन्तर्गत नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको छ । गुणस्तरीय एवं भरपर्दो दूरसञ्चार सेवा सहज एवं सुलभ रुपमा उपलब्ध गराउने सिलसिलामा नेपालमा हाल रहेका मुख्य सेवा प्रदायकहरुबाट उपलब्ध सेवासम्बन्धी विवरण तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.१: मुख्य सेवा प्रदायक कम्पनीहरुबाट प्रदान गरिएको दूर सञ्चार सेवा

| सेवा प्रदायक कम्पनी | स्थिर(Fixed) | | मोबाईल | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | PSTN | WLL | GSM | CDMA | LMS | GMPCS | |
| ०७०/७१ | ६,६३,१९७ | १,७४,०६९ | २,१८,४८,५३३ | ११,७२,८०७ | २०,१२,७८९ | - | २,५८,७१,३९५ |
| ०७१/७२ | ६,६९,०९० | १,७५,९३८ | २,५१,४८,२२३ | १२,७२,४२२ | ८,३८,५५६ | १,७४२ | २,८१,०५,९७१ |
| ०७२/७३ | ६,७६,४५७ | १,७५,६१२ | २,८३,४२,३९८ | १४,१९,७५७ | ८,४५,४१२ | १,७४२ | ३,१४,६१,३७८ |

स्रोतः नेपाल दुरसञ्चार प्राधिकरण ।

आ.व. २०७२/७३ मा कुल ३,१४,६१,३७८ दूरसञ्चार सेवा प्रयोगकर्ताहरु पाईन्छ । गत आ.व. को तुलनामा दूरसञ्चार सेवा प्रयोगकर्ता ११.९ प्रतिशतले वृद्धि भएको पाईन्छ । आ.व. २०७२/७३ मा सबैभन्दा बढी एन.डि.सि.एल. (४७.७ प्रतिशत) प्रयोगकर्ता रहेको देखिन्छ र त्यसपछि क्रमशः एनसेल (४५.० प्रतिशत), एस.टि.पि.एल (४.४ प्रतिशत), यू.टि.एल (१.७ प्रतिशत), एन.एस.टि.पि.एल. (१.२ प्रतिशत) र एस.टि.एम. (०.०१ प्रतिशत) प्रयोगकर्ताहरु रहेको देखिन्छ । उक्त सेवा प्रदायक कम्पनी गत आ.व. मा समेत यथावत स्थान रहेको देखिन्छ ।

आ.व. २०७२/७३ मा स्थिर (fixed) प्रयोगकर्ता २.७ प्रतिशत रहेको देखिन्छ भने मोबाईल प्रयोगकर्ता ९४.६ प्रतिशत रहेको देखिन्छ । गत आ.व. मा सो को प्रतिशत क्रमशः ३.० र ९४.० प्रतिशत रहेको पाईन्छ । मोबाईल प्रयोगकर्तामा जि.एस.एम प्रयोगकर्ता कुल प्रयोगकर्ताको ९०.१ रहेको पाईन्छ जसमा एन.डि.सि.एल. प्रयोगकर्ता ४५.२ प्रतिशत,

एन.सेल. ४९.९ प्रतिशत र एस.टि.पि.एल. ४.९ प्रतिशत प्रयोगकर्ता रहेको देखिन्छ । जि.एस.एम प्रयोगकर्ता गत वर्षको तुलनामा ०.७ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

### पत्र-पत्रिका

पत्रपत्रिकालाई सञ्चारको एक सशक्त, भरपर्दो र प्रमुख माध्यमको रुपमा लिन सकिन्छ । यसले स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रियस्तरका विभिन्न क्षेत्र तथा विषयसंग सम्वन्धित खवरहरु जनता समक्ष पुऱ्याइ जनचेतना अभिवृद्धि गराउने काम गरेको हुन्छ । साथै निर्भिक, स्वतन्त्र र निष्पक्ष पत्रकारिताले एक सक्रिय सचेतकको भूमिका पनि निर्वाह गरेको हुन्छ । आ.व. २०७३/७४ सम्मको प्रकाशनको लागि दर्ता भएका पत्रपत्रिका सम्बन्धि विवरण तालिका ५.२ मा र तुलनात्मक विवरण ५.३ मा प्रस्तुत गरिएको छ ।

